# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

समाज विकासको माध्यम शिक्षा हो । शिक्षा आर्जन गर्ने औपचारिक थलो विद्यालय हो । विद्यालय शिक्षालाई प्रभावकारी एवं गुणस्तरीय बनाउन प्रधानाध्यापक, शिक्षक र समाजसेवीको महत्वपूर्ण भूमिका रहन्छ । विद्यालयमा शैक्षिक, भौतिक र बित्तीय जस्ता अन्य थुप्रै समस्याहरु हुन्छन् । ती समस्याहरुलाई निराकरण गर्दै विकासका कामहरु अगाडि बढाउन प्र.अ. नियुक्त भएको हुन्छ । जसले गर्दा विद्यालयको शिक्षण सिकाइ प्रक्रिया देखि भौतिक, शैक्षिक लगायत सबै पक्षको सुधार गर्दै लाने जिम्मेबारी प्र.अ.ले बोकेको हुन्छ । यसका साथै विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ हुन्छन् । यी दुवै समितिको आर्थिक व्यवस्थापनमा महत्वपूर्ण जिम्मेबारी रहेको हुन्छ । आर्थिक पारदर्शिता राम्रोसँग गर्न सकियो भने विद्यालयको सर्वाङ्गीण विकासमा राम्रो टेवा पुग्दछ ।

हालको अवस्थामा प्रा.वि. तह देखि मा.वि. तहसम्म शिक्षा निः शुल्क गरे तापनि कक्षा ११ र १२ मा निःशुल्क गरिएको छैन । शिक्षक, कर्मचारी दरबन्दी पूर्ण रुपले किटान गरिएको छैन । विद्यार्थी सङ्ख्याको आधारमा केही शिक्षक दरबन्दी कायम गरी सोको रकम अनुदान स्वरुप नेपाल सरकारबाट उपलब्ध गर्दै आएको छ । अनुदानबाट प्राप्त रकमले उच्च मा.वि. सञ्चालन गर्न पुग्दैन । अन्य स्रोतबाट रकमको खोजी गरी विद्यालय सन्चालन गर्नु पर्ने हुनाले आर्थिक व्यवस्थापनको महत्व अझ बढ्न जान्छ । विद्यालयमा गरिने लगानीहरु मुख्यत : क) सरकारी/सार्वजनिक ख) नीजि लगानी ग) सामाजिक लगानी हुन् (खनाल, २०६३)।

नेपालमा सर्वप्रथम जंगबहादुर राणाले वि.सं. १९१० मा बेलायत भ्रमण गरी फर्केर आफ्नै दरबारको थापाथली (दाखचोक)को भुँइतलामा वि.सं. १९१० असोज २७ गते देखि अंग्रेजी शिक्षाको प्रारम्भ गरी राजाका छोराछोरी तथा राणा सन्तानको लागि मात्र ढोका खुल्ला भएको स्कुल स्थापना भएबाट सर्वसाधारणले उक्त विद्यालयमा पढ्न ढोका खुल्ला थिएन । यसै गरी अंग्रेजी माध्यमको यस प्रारम्भिक दरबार स्कुल संचालन गर्न नेपालीसँग अनुभव,

ज्ञान, सीप तथा दक्षता नहुनु स्वभाविक थियो । यसरी विद्यालय संचालन गनए अप्ठ्यारो परिस्थितिका कारण दक्ष जनशक्ति बेलायतबाट ल्याई अंग्रेजीहरुको सुपरिवेक्षणमा विद्यालय संचालन भएको थियो । यस दरबार स्कुलको सर्व प्रथम सुपरिवेक्षण गर्ने जिम्मा मिष्टर रोसलाई दिइएको थियो । यस दरबार स्कुलको सर्वप्रथम सुपरिवेक्षण गर्ने जिम्मा मिस्टर रोसालाई दिइएको थियो भने प्रधानाध्यापक मिष्टर क्यानिङलाई बनाइएको थियो । अतः विद्यालयको व्यवस्थापन र सुपरिवेक्षणमा प्र.अ. को भूमिका अपरिहार्य रहेको देखिन्छ ( अधिकारी, २०६४)।

यस प्रकार विद्यालयको शैक्षिक, बित्तीय तथा भौतिक व्यवस्थापनमा शिक्षकहरु मध्येबाट एक जना प्र.अ. हुनुपर्ने व्यवस्था अहिले सम्म यथावत रहेको छ । प्र.अ.ले विद्यालयको उन्नति तथा प्रगतिको लागि आर्थिक स्रोतको संकलन, व्यवस्थापन तथा शिक्षकहरु मार्फत विद्यालयको शिक्षण प्रक्रियामा अहम् भूमिका खेलेको हुन्छ । विद्यालयलाई सोचे जस्तो प्रभावकारी संस्थाको रुपमा विकास गर्न प्र.अ.को भूमिका महत्वपूर्ण रहेको हुन्छ ।

वि.सं. २००७ सालसम्म नेपालमा २ वटा कलेज, १३ वटा मा.वि. र ३२१ वटा प्रा.वि. खोलिएको पाइन्छ । जो अत्यन्तै न्यून विकास हो भन्न सकिन्छ । राष्ट्रिय शिक्षा योजना आयोग २०११ को आर्थिक प्रतिवेदन अनुसार वि.सं. २०१० साल सम्ममा प्रा.वि. शिक्षकको संख्या १,२८० थिए भने प्रति शिक्षकको वार्षिक तलबभत्ता रु ४८० का दरले १ वर्षमा ६ लाख १४ हजार रुपैया, नि.मा.वि. शिक्षकको संख्या १३२५ थिए भने प्रति शिक्षकको वार्षिक तलबभत्ता रु ९६० का दरले १ वर्षमा १२ लाख ७२ हजार रुपैया तथा मा.वि. शिक्षकको संख्या ९२० थियो भने प्रति शिक्षकको वार्षिक तलबभत्ता रु १,५०० का दरले १ वर्षमा ३ लाख ९० रुपैया विनियोजित भएको तथ्य पाइन्छ । त्यस्तै प्रा.वि. तहमा विद्यार्थी संख्या २६,००० थिए भने नि.मा.वि. तहमा ३३,४०० तथा मा.वि. तर्फ १२,७०० थिए । साथै वि.सं. २०१० को समयमा सरकारी लगानी प्रा.वि.मा प्रति विद्यार्थी रु २३ , नि.मा.वि.मा प्रति विद्यार्थी रु ३८ तथा मा.वि.मा प्रति विद्यार्थी रु १२२ भएको पाइन्थ्यो । त्यसै गरी १००० विद्यार्थी भएको स्थानमा १ प्रा.वि. हुनुपर्ने र गरीब अशिक्षित तर जेहेन्दार विद्यार्थीलाई सरकारले खान र बस्न व्यवस्था हुनु पर्ने पनि प्रतिवेदनमा उल्लेख भएको

पाइन्छ । त्यस्तै प्रतिवेदनमा प्रा.वि. तहको शिक्षकको तलबभत्ता सम्पूर्ण सरकारले व्यहोर्नु पर्ने समेत उल्लेख छ (शर्मा, २०६३) ।

यस प्रकार हालसम्म मा.वि. तहसम्मको तलबभत्ता नेपाल सरकारले व्यहोरेको पाइन्छ । शिक्षा विकासको मेरुदण्ड भएकोले यो प्रक्रियालाई बढाउँदै उच्च शिक्षासम्मको अध्ययन निःशुल्क हुनुपर्ने आवाज चारैतिरबाट जोडदार रुपमा आई रहेको छ । वर्तमान अवस्थामा प्रा.वि. शिक्षकको तलब रु १७,७३०, नि.मा.वि. शिक्षकको तलबभत्ता प्रति शिक्षक रु १८८०० र मा.वि. तहको शिक्षकको तलबभत्ता रु २४४०० दिइएको पाइन्छ । त्यस्तै प्र.अ.लाई व्यवस्थापन वापत प्रा.वि. तर्फ रु २००, नि.मा.वि. तर्फ रु ३०० र मा.वि. तर्फ रु ५०० प्रति महिनाका दरले भत्ताको पनि व्यवस्था गरेको पाइन्छ ।

वि.सं. २०१७ साल पछि प्रजातन्त्रको निलम्बन गरी सुधारिएको पंचायती व्यवस्थाको प्रादुर्भाव सँगै सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको स्थापना वि.सं. २०१८ सालमा गरियो । त्यस समितिले प्राथमिक शिक्षालाई निःशुल्क गर्नु पर्ने भनिए ता पनि त्यसो गर्न विविध कठीनाई परेकाले प्राथमिक तहमा अवस्था बुझिकन रु ३ भन्दा नबढाई शिक्षा निरीक्षकको कार्यलयको स्वीकृतिले शुल्क निर्धारण गर्न सकिने कुरा उल्लेख गरिएको छ साथै विद्यार्थीबाट शुल्क उठाउने र बरबुझारथ गर्ने प्रक्रिया समेत किटान गरेको पाइन्छ ( काफ्ले, २०६४) ।

माथि जे भनिएता पनि हालको अवस्थामा सरकारले प्रा.वि. तहलाई पूर्ण निःशुल्क गरेकाले कुनै पनि तरिकाले विद्यार्थीबाट शुल्क उठाउन नपाइने व्यवस्था गरिएको छ । प्रा.वि. तहका विद्यार्थीको भर्नादरलाई बढाउन तथा शिक्षाको उज्यालो घामबाट कोही पनि बन्चित नहुन दिनको लागि विद्यार्थीलाई विभिन्न प्रकारको छात्रवृत्ति दिएर प्रोत्साहन दिएको पाइन्छ । त्यस्तै मा.वि. तहका सम्पूर्ण विद्यार्थीलाई छात्रवृत्ति तथा पाठ्यपुस्तक निःशुल्क दिने गरेको पाइन्छ ।

शिक्षामा रहेको अनेकौं विकृति र कमजोरीहरु हटाउन विशेष जोडका साथ राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ घोषणा गरी लागू गर्ने प्रतिबद्धता जारी गरियो । यस योजनाले देशभर एकल शैक्षिक प्रणाली स्थापना गर्ने, गुणस्तरीय शिक्षा दिने, व्यवसायिक र सीपमूलक शिक्षा दिने , शैक्षिक प्रशासनको संगठनको संरचना परिवर्तन गर्ने, शैक्षिक संगठनमा सुधार

गर्ने, शिक्षण विधि र शिक्षण प्रक्रिया, सामग्रीको विकासमा योगदान गर्ने जस्ता अनेकौं प्रयास गरेको पाइन्छ । त्यस्तै विद्यालयमा शिक्षकहरुको दरबन्दी, तलबभत्ता निम्नानुसार गरिने व्यवस्था सिफारिस गरेको पाइन्छ । प्राथमिक तहमा १ जना प्रधानाध्यापक तलब रु १५५ तालिम भत्ता रु १५ तथा प्र.अ. भत्ता रु २५ शिक्षक संख्या ३ जना तलब रु १५५ तथा तालिमभत्ता रु १५ त्यस्तै नि.मा.वि. तहमा प्र.अ. १ जना, तलब रु २५० तालिमभत्ता रु १५ तथा प्र.अ. भत्ता रु २५ शिक्षक संख्या ३ जना तलब रु २५० तालिमभत्ता रु १५ र मा.वि. तहमा प्र.अ. संख्या १ जना तलबभत्ता रु ६०० शिक्षक ३ जना तलब रु ४७५ शिक्षक १ जना तलब रु ४०० तथा शिक्षक १ जना तलब रु २०० हुने सिफारिस गरेको पाइन्छ । यस खर्चको लागि जिल्ला शिक्षा कोषमा सरकारी अनुदान, शिक्षाकर, शुल्क, चन्दा, स्थायी सम्पत्ति विकि, दानदातव्य हुन सक्ने कुरा उल्लेख छ । त्यस्तै प्रा.वि. तह पूर्ण निःशुल्क तथा नि.मा.वि. तथा मा.वि. तहमा आवश्यकतानुसार सरकारी अनुदान तथा शुल्कबाट उठाएर तलबभत्ताको व्यवस्था मिलाएको पाइन्छ । नि.मा.वि. ७५% सरकारी र २५% शुल्कबाट तथा मा.वि. ५०% शुल्कबाट र ५०% सरकारीबाट । सरकारले आर्थिक अनुदान दिदा विद्यार्थी संख्या, शैक्षिक कार्यक्रम तथा अतिरिक्त क्रियाकलापको आधारमा प्रदान गर्न सकिने आधार तय गरिएको छ ( शर्मा, २०६२) ।

राष्ट्रिय शिक्षा आयोग २०४९ ले कुल बजेटको १५ प्रतिसत बजेट शिक्षामा विनियोजन गर्नु पर्ने कुरा उठाएको थियो । प्राथमिक शिक्षामा राष्ट्रिय योजना आयोगले २६१.८ मिलियन डलर र (वि.सं. २०५६।०६६) मा १००६.५ मिलियन डलर खर्च लगानि गरिएको अवस्था हो । नेपाल सरकारले सबैभन्दा बढी बजेट तलबभत्तामा नै छुट्याउने गरेको छ । तलबभत्तामा ८६% पाठ्यपुस्तकमा २%, निर्माणमा ३%, छात्रवृत्तिमा ३%, अनुदान सहयोगमा ४% अन्यमा २% गरी शतप्रतिशत बजेट खर्चिएको पाइन्छ । आर्थिक वर्ष ०६४।०६५ मा शिक्षामा २८ अर्व बजेट विनियोजन गरिएको थियो । त्यस्तै आर्थिक वर्ष ०६५।०६६ तिर कुल बजेटमध्ये ३८ अर्व ९८ करोड रुपैया विनियोजन भएको पाइन्छ । जुन कुल बजेटको १६.५२ प्रतिसत हुन जान्छ । आर्थिक वर्ष ०६५।०६६ देखि कक्षा ८ सम्म निःशुल्क शिक्षा प्रदान गर्ने र २ वर्षभित्र निरक्षरता उन्मुलन गर्ने घोषणा गरिएको थियो (आचार्य, २०६३) ।

यसरी प्रत्येक आर्थिक वर्षमा शिक्षाको बजेट बढ्दै आई रहेको पाइन्छ । तथापि पनि विद्यालयहरुको शैक्षिक तथा आर्थिक स्थितिमा अपेक्षा गरे अनुरुप प्रगति हुन नसकेको देखिन्छ । प्रत्येक वर्ष भवन निर्माण, भौतिक मर्मत, छात्रवृत्ति पाठ्यपुस्तकमा नियमित रुपमा बजेट आई रहेता पनि विद्यालयको शैक्षिक उपलब्धिमा खासै प्रगति हुन नसकेको आम गुनासो आई रहेको पाइन्छ ।

सन् १९९० मा थाइल्याण्डको जोम्टीनमा सम्पन्न शिक्षा मन्त्रीहरुको सम्मेलनले सबैका लागि शिक्षा भन्ने महत्वपूर्ण अवधारणा घोषणा गरी प्रतिबद्ध बन्न आह्वान गर्‍यो । यद्यपि सन् २००० सम्ममा त्यो कार्य प्रति जवाफदही नदेखिएकाले सोही प्रतिबद्धतालाई पुनः पूरा गराउने उद्देश्य बोकी आसन्न ११८ राष्ट्रले सेनेगलको डकारमा सबैका लागि शिक्षा भन्ने उद्घोषको दूर दृष्टि, लक्ष्य र रणनीति तथा कार्यान्वयन पार्ने सामूहिक प्रतिबद्धता जनाए स्वरुप सन् २०१५ सम्ममा सम्पूर्ण देशले निरक्षरता हटाउनु पर्ने आधार तय गरिएको छ । वास्तवमा सन् २००० सम्ममा ११ करोड ३० लाख बालबालिका निरक्षर रहनु तथा ८८ करोड वयस्क निरक्षर रहनेले यी व्यक्ति पढ्न नसक्ने अनेकौं धारणाहरुमध्ये आर्थिक स्थिति नै महत्वपूर्ण तत्वको रुपमा लिनु पर्ने हुन्छ ( खनाल, २०६३) ।

वि.सं. २०६५ असार मसान्तसम्ममा प्राथमिक विद्यालयको संख्या २७ हजार ९ सय १ वटा भए पनि विद्यार्थीको पहुँचमा प्राथमिक शिक्षाको सुविधा प्रदान गर्न सकिएको छैन । प्रा.वि. मा १०% विद्यार्थी अझै भर्ना हुन नसक्नुका पछाडि आर्थिक तत्व नै प्रमुख कारकतत्व हो भन्दा अत्युक्ति नहोला । सरकारले विद्यालयहरुलाई मात्र शिक्षकको तलबभत्ता मात्र प्रदान गरिरहेको र मसलन्द पनि न्युन मात्रामा निकासा गरिरहेको परिवेशमा विद्यालय व्यवस्थित बन्ने कुरा कल्पना मात्र हो कि जस्तो लाग्छ । विद्यालयको भौतिक व्यवस्थापन, खानेपानी, शौचालय, भवन, घेराबार, सजावट, शैक्षिक सामग्री कुन स्रोतबाट तय गर्ने कुरा पछाडि रहेका छन् ( आचार्य, २०६३) ।

यसरी सरकारी विद्यालयहरुमा प्रा.वि. तहमा विद्यार्थी भर्नादर एकदमै कम रहेको स्थिति देखिन्छ । हुने खाने शिक्षित अभिभावकका विद्यार्थीहरु संस्थागत विद्यालयहरुमा भर्ना भई रहेको पाइन्छ । सरकारी विद्यालयमा गरिब, पिछडिएका तथा दलित आदिवासीका विद्यार्थीहरु

भर्ना हुन्छन्, जसको आर्थिक स्थिति एकदमै न्यून रहेको पाइन्छ । यस्ता विद्यार्थीहरुबाट कुनै प्रकारको शुल्क तथा सहयोग लिई विद्यालयको भौतिक तथा आर्थिक व्यवस्थापन गर्न अप्ठ्यारो हुने देखिन्छ ।

विद्यालय एक सामाजिक सेवा गर्ने संस्था भएकोले यस भित्र हुने आर्थिक क्रियाकलाप पारदर्शी हुनु पर्ने हुन्छ । यसलाई शिक्षा सम्बन्धी उच्चस्तरीय समिति २०५८ ले महत्वका साथ उठाएको छ । विद्यालयको आम्दानी र खर्चको बारेमा जन समक्ष स्पष्टताका साथ प्रकाशमा ल्याउनु पर्ने दायित्व पनि हुन्छ । शीर्षकको रकमबिना निर्णय र आधार अन्य क्षेत्रमा खर्च नगर्ने, अधिकतम शुल्कको सीमा तोक्नु पर्ने, प्रा.वि.देखि मा.वि. सम्म शुल्क रहित बनाउन प्रयासरत रहनु पर्ने, शुल्क निर्धारण गर्न अभिभावक र सरोकार पक्षबीच समन्वय गर्नु पर्ने, अभिभावकको लगानी र विद्यार्थीको त्यागको मुल्यलाई सुनिश्चित गर्नु पर्ने देखिन्छ (बज्राचार्य, २०६३)।

विद्यालयका शुल्क निर्धारणका आधारहरु, कर्मचारीको तलबभत्ता, विद्यालयका दैनिक सन्चालन खर्च, भैपरी आउने खर्च, मर्मत, सन्चार, भ्रमण, शैक्षिक सामग्री, पाठ्यपुस्तक तथा अध्ययन सामग्रीको कुल खर्चहरु हुन सक्दछ । विभिन्न आयोग र समितिले दिएका प्रतिवेदनहरुमा खर्च गर्ने शीर्षकहरु सरोकारवालाहरु बसेर तोक्ने, त्यसलाई योजना बमोजिम सङ्कलन गरी लैजाने , खर्चको पारदर्शिता कायम गराउने, अनुमोदन गराउने र सामाजिक परीक्षण तथा लेखा परीक्षण मार्फत कार्य सम्पादन गरी प्रतिवेदन जनसमक्ष ल्याउने आदि कार्य विद्यालयको प्र.अ.ले प्रत्येक आर्थिक वर्षको मसान्त सम्ममा गर्नु पर्ने हुन्छ । संगठनको व्यवस्थापन प्रक्रियाले आर्थिक स्रोत सङ्कलन र प्रयोग गर्ने पक्षलाई प्रभाव पार्दछ । सङ्गठन र आर्थिक श्रोत सम्बन्धि क्रियाकलापको बीच घनिष्ठ सम्बन्ध रहेको पाइन्छ । विद्यालयका वि.व्य.स., शि.अ.सं., शिक्षक, कर्मचारी र अभिभावकहरु विद्यालयका संगठनहरु हुन् ।विद्यालयको आर्थिक स्रोत पहिचान गर्ने, संकलन गर्ने र प्राप्त स्रोतहरुलाई निणर्य गरी खर्च गर्ने, खर्च गरिएको कारोबारको व्यवस्थित अभिलेख राख्ने, राख्न लगाउने र आर्थिक वर्षको अन्त्यमा सामाजिक परीक्षण मार्फत् अनुमोदन गर्ने हुन्छ । यसरी समाजमा विद्यालय आफैं मार्ग दर्शक बनेर पारदर्शी क्रियाकलाप तर्फ उन्मुख हुनु पर्ने देखिन्छ (कोइराला, २०६४) ।

शिक्षालाई विकास नै गर्ने हो भने शिक्षा कर, विशेष कर तथा विभिन्न शुल्क तोक्नु पर्ने कार्य नितान्त आवश्यक छ । पहुँचवाला व्यक्तिले गरीब वर्गको शिक्षामा पहुँच पुर्‍याउन न्युन रुपमा सरकारलाई सहयोग पुर्‍याउन सामाजिक न्यायको दृष्टिले बान्छनीय नै हुन्छ । चिन, ब्राजिल र अमेरिका जस्ता देशहरुमा शिक्षाकर असुल गरी त्यो कोषको रकम सिधै दुर्गम र निमुखाको शैक्षिक उन्नतिमा विनियोजन गरिन्छ। नेपाल सरकारले पनि आर्थिक वर्ष ०६५/०६६ को बजेट वक्तव्यमा संस्थागत विद्यालयलाई नाफाको ५ % शिक्षाकरको रुपमा उठाउने र सो रकम गरीब छात्र छात्राको हितको लागि खर्च गरिने कुरा उल्लेख छ । यो शिक्षा कर अभिभावकलाई लाग्दछ, कि फिमा ५% थपेर उठाइन्छ भने विद्यालय सन्चालकहरु आलोचना गरिरहेको स्थिति छ (आचार्य र साथीहरु, २०६३)।

यस प्रकार शिक्षाको वित्त प्रणाली अनुसार शैक्षिक कर उठाएर गरिब तथा दुर्गम क्षेत्रका विद्यार्थीहरुमा खर्च गर्नु न्यायोचित देखिन्छ । जबसम्म उठाउने कार्य पारदर्शी ढंगबाट हुँदैन तबसम्म सरकारले सोचेको जस्तो उपलब्धि होला भन्न सकिन्न । शिक्षाकर संस्थागत विद्यालयबाट मात्र नउठाई शिक्षा प्रेमी, व्यापारी, चन्दादाता, पेशागत संस्थाबाट पनि उठाउन जरुरी देखिन्छ , अनि मात्र गरिब तथा पिछडिएको क्षेत्रमा शिक्षाको विकास गर्न सजिलो हुने देखिन्छ ।

विना आर्थिक स्रोत न कुनै शैक्षिक कार्यक्रम, न कुनै तहको शिक्षा संचालन सम्भव छ। यो आर्थिक वस्तु जस्तो रुपमा सोच्नु पर्ने भएको छ । वास्तवमा नेपाल एक आर्थिक रुपमा कमजोर अवस्थामा रहेको देश हो । नेपाल सरकारले शिक्षामा के कस्ता शीर्षकमा बजेट विनियोजन गरिरहेको छ भन्ने एक पक्ष हो भने स्थानीय रुपमा विभिन्न संघसंस्था, व्यक्तिबाट के कस्तो सहयोग प्राप्त भइरहेको छ, ती स्रोत के कस्तो आधारमा वितरण गरिन्छ। के ती सहयोग पर्याप्त छन् त ? त्यसले व्यवस्थापनमा के कस्तो प्रभाव पारेको छ ? आम्दानी र खर्चलाई अभिलेख राख्ने र खर्च गर्ने प्रक्रिया के कस्तो छ ? यसको विश्लेषण हुनु आवश्यक देखिन्छ। त्यसमा पनि विद्यालयको आर्थिक व्यवस्थापनमा प्र.अ.ले जिम्मेवारी पूर्वक व्यवस्थापन गरेको छ वा छैन, त्यसको लेखाजोखा हुनु वर्तमान समय सापेक्ष ठान्दछु। सबैका लागि शिक्षाको लक्ष्य सन् २०१५ सम्ममा निरक्षरता उन्मुलन गर्ने तथा सन् २०२०

सम्मलाई २० प्रतिशत बजेट न्युनतम शिक्षामा प्रत्येक देशले लगानी गर्नु पर्ने प्रस्ताव राखेको छ ( बज्राचार्य र साथीहरु, २०६३) ।

माथिको पृष्ठभूमिलाई अध्ययन गरी सामुदायिक उ.मा.वि.मा वित्तीय व्यवस्थापन सम्बन्धि शीर्षकलाई अध्ययनको विषयवस्तु बनाइएको छ ।

## १.२ समस्याको कथन

नेपालको सामुदायिक उच्च माध्यमिक विद्यालयको आधार व्यवस्थित छैन । व्यवस्थित नभएको शिक्षा प्रणालीबाट राम्रो शैक्षिक उपलब्धिको अपेक्षा गर्न सकिदैन । अधिकारी ( २०१३) ले उल्लेख गरे अनुसार “सबै शिक्षकहरुमा आफ्नो पेशाप्रति इमान्दारिता छैन । अनुगमन प्रभावकारी छैन ।” विद्यालयमा आर्थिक चलखेल बढ्दो छ । पारदर्शिता र सहकार्यको कमि छ । त्यसैले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा शिक्षामा हुने भ्रष्टाचार सम्बन्धि बढी उजुरी परेको देखिन्छ । प्राप्त उजुरी माथि छानविन गर्दा धेरै जसो विद्यालयहरुमा भ्रष्टाचार भएको प्रमाणित भएको देखिन्छ । प्राय जसो विद्यालयमा आर्थिक पक्ष भरपर्दो छैन । आर्थिक व्यवस्थापनमा पारदर्शिताको कमि छ ।

शिक्षा सम्बन्धि उच्च स्तरीय कार्य समितिको प्रतिवेदन २०५८ मा उल्लेख भए अनुसार सार्वजनिक विद्यालयको गुणस्तर उपयुक्त नहुनु, पारदर्शिता नहुनुमा पेशागत दक्षता र नेतृत्व दिने क्षमता भएका प्र.अ.हरुको कमी हुनु पनि एक हो । हाल विद्यालयका प्र.अ.हरुले वि.व्य.स.को निर्णय गराएर मात्र भौतिक तथा आर्थिक व्यवस्थापन गर्नु पर्नेमा सरकारी विद्यालयहरुमा विभिन्न शीर्षकमा आएका रकमहरुको सही तथा समुचित सदुपयोग नभएको देखिन्छ । बिद्यालयमा राजनैतिक प्रभावको कारण आर्थिक व्यवस्थापन उपयुक्त छैन ।

स्थानीय तहमा सञ्चालित विद्यालयहरुको ब्यवस्थापन पक्ष कमजोर खालको छ । विद्यालयहरु के कसरी सञ्चालन भएका छन् ? किन ती विद्यालयहरुलाई चाहे जस्तो साधन श्रोत सम्पन्न बनाउन सकिएको छैन ? पारदर्शिता किन बनाउन सकिएको छैन ? किन विद्यार्थीको आकर्षण सामुदायिक विद्यालयतिर न्युन छ ? प्र.अ.को भूमिकाले विद्यालयको

बित्तीय अवस्थामा कस्तो असर पारेको छ ? के तलबभत्ता मात्र विद्यालय व्यवस्थापन गर्ने आधार तत्व हो ? जस्ता प्रश्नहरु एकातर्फ छन् भने अर्का तिर विद्यालयमा प्राप्त बित्तीय स्रोतहरु के के छन् ? ती स्रोतहरुलाई कसरी व्यवस्थापन गरी रहेका छन् ? ती स्रोत बारे समुदाय सूसुचित छन् कि छैनन् ? ती रकमहरु प्रदान गर्ने आधारहरु के कस्ता छन् ? यी महत्वपूर्ण प्रश्नहरुको उत्तर खोज्न यो अध्ययन केन्द्रीत छ ।

सार्वजनिक विद्यालयहरुमा गरिएका लगानीका स्थायी स्रोतहरु के के छन् ? कस्ता कस्ता स्रोतबाट आर्थिक ढिकुटी स्थानीय रुपमा संकलन भैइरहेका छन् ? विद्यालयका सरोकार पक्षहरु आर्थिक स्रोत पहिचान र संकलनमा कति सक्रिय रहेका छन् ? जनसमक्षप्रति जवाफ देही छन् छैनन् ? विद्यालयहरुलाई प्राप्त हुने संभावित वित्तीय स्रोतहरु परीक्षा शुल्क, सहयोग, चन्दा, दान तथा सरकारी स्रोतबाट प्राप्त हुने तलब भत्ता, भवन, शैक्षिक सामग्री , छात्रवृत्ति, पाठ्यपुस्तक रकम, लक्षित समूहको रकमदेखि बाहेक कस्ता कस्ता संघ संस्थाबाट आर्थिक सहयोग हुन सक्दछ ? र बित्तीय व्यवस्थापनका समस्याहरु के कस्ता छन् ? त्यसलाई प्रकाशमा ल्याउनु आवश्यक छ । बित्तीय स्रोतको पहिचान, समस्याहरु, त्यसको अभिलेख र व्यवस्थापन जनसमक्ष सुसुचित गरिने पक्षलाई नै यस अध्ययनको मूल समस्याको रुपमा छानिएको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षामा गरिएको आर्थिक लगानीले राष्ट्रले अपेक्षा गरे अनुसार सफलता हासिल गर्न नसकिरहेको अवस्था छ । सामुदायिक उच्च माध्यमिक विद्यालयको बित्तीय व्यवस्थापन नामक शीर्षकमा गरिएको यो अध्ययनले भविष्यमा अरु अनुसन्धानका लागि आवश्यक मार्ग निर्देशन गर्ने छ भन्ने आशा गर्न सकिन्छ । यस अध्ययनबाट निकालिएको निष्कर्ष तथा सुझावले पछिल्ला दिनमा राजनीतिज्ञ, प्रशासक तथा अन्य संगठनका प्रमुख व्यक्तिहरुलाई आर्थिक कार्यक्रमप्रति सचेत गराउने भनी आशा गर्न सकिन्छ ।

सरकारी विद्यालयहरुमा स्थानीय तहमा सम्लग्न हुने बित्तीय स्रोतहरु के के छन् र सरकारबाट प्राप्त स्रोतहरु के के छन् ? पहिचान गर्नु र सो रकम के विद्यालयको समस्या र

आवश्यकतालाई सम्बोधन गर्न सकेको छ ? के ती रकम तोकिएको शीर्षक बमोजिम खर्च भइरहेको. छ ? सबै वर्ग क्षेत्र लिङग, जातले समतामूलक ढंगले वितरण भएको छ छैन ? खर्च गर्ने प्रक्रिया र पारदर्शिताको मात्रा के कस्तो अवस्थामा छ सो पक्षलाई नियालिएर विश्लेषण गर्नु यस अध्ययनको औचित्य रहेको छ ।

सामुदायिक विद्यालयहरुको आम्दानीका श्रोतहरुको बारेमा पारदर्शी हिसाबले जानकारी दिनु उपयुक्त हुन्छ । विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक स्थितिमा सुधार ल्याउन खर्च गर्ने प्रक्रियामा पारदर्शिता र सुसूचित हुनेमा अभिभावकहरुको हक सुरक्षित गर्नको लागि यो अध्ययन फलदायी रहनेछ । यसरी नै यो अध्ययनले विद्यालयका सरोकारवालाहरु तथा प्र.अ. बीच सम्बन्ध स्थापित गराई विद्यालयको बित्तीय श्रोतको पहिचान, संकलन र खर्च गर्ने प्रक्रियामा सक्रिय रहनका लागि प्रोत्साहित गर्न टेवा पुर्‍याउने छ । विद्यालयप्रति जनचासो अभिवृद्धि गराउने, विद्यालयको निर्माण, मर्मत तथा गुणस्तर कायम गर्न बजेट निर्माण प्रक्रियामा सक्रिय रहनाका साथै कार्य सम्पादनमा भएका कमी कमजोरी हटाउँदै आर्थिक कार्यविधि नियमावली, खरिद ऐन परिधि भित्र रही क्रियाकलाप सञ्चालन गर्न प्रत्येक सामुदायिक उ.मा.वि.का वि.व्य.स., शि.अ.सं., शिक्षक, कर्मचारी र अभिभावकहरुलाई सक्रिय बनाउन यस अध्ययनले मद्दत गर्दछ ।

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुत शोधपत्रको निम्नानुसारका उद्देश्यहरु रहेका छन् :

क) सामुदायिक उच्च माध्यमिक बिद्यालयमा वित्तीय व्यवस्थापनको अवस्था पहिचान गर्नु,

ख) उच्च माध्यमिक विद्यालयको वित्तीय स्रोतहरुको खोजी गर्नु,

ग) बिद्यालयको वित्तीय व्यवस्थापनमा देखा परेका समस्याहरु पत्ता लगाउनु,

घ) वित्तीय व्यवस्थापनका समस्या समाधानका उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धान प्रश्नहरु

यस अध्ययनलाई अगाडि बढाउनका लागि निम्नानुसारका अनुसन्धान प्रश्नहरु तय गरिएको छ :

क) सामुदायिक उ.मा.वि.मा वित्तीय व्यवस्थापनको अवस्था के कस्तो छ ?

ख) उच्च माध्यमिक विद्यालयका वित्तीय स्रोतहरु के के छन् ?

ग) विद्यालयको वित्तीय व्यवस्थापनमा देखा परेका समस्याहरु के कस्ता छन् ?

घ) वित्तीय व्यवस्थापनमा देखा परेका समस्या समाधानका उपायहरु के कस्ता हुन सक्दछन् ?

## १.६ अध्ययनको परिसिमा

अध्ययन र अनुसन्धानको क्षेत्रमा परिसीमाको विशेष भूमिका रहेको हुन्छ। यस अध्ययनलाई निम्नानुसार परिसीमामा राखिएको छ।

यो अध्ययन सुनसरी जिल्ला धरान श्रोतकेन्द्रमा रहेका विद्यालयहरुमध्ये ५ वटा सामुदायिक उ.मा.वि.हरुमा मात्र सीमित रहेको छ।

यस अध्ययनमा सामुदायिक उच्च माध्यमिक बिद्यालयमा भएको बित्तीय अवस्था, बित्तीय स्रोतहरु, बित्तीय समस्याहरु तथा बित्तीय ब्यवस्थापन लाई मात्र समेटिएको छ।

सीमित नमुना जनसंख्यामा आधारित रही अनुसन्धान गरिएकाले मुलुकभरका सबै बिद्यालयहरुमा यसलाई सामान्यीकरण गर्न कठिन छ।

## १.७ मुख्य शब्दावलीहरुको परिभाषा

| | |
|---|---|
| सामुदायिक विद्यालय | : नेपाल सरकारबाट नियमित अनुदान पाउने वा स्वीकृत पाउने विद्यालय । |
| शिक्षक | : विद्यालयको अध्यापक र प्रधानाध्यापक । |
| प्रधानाध्यापक | : विद्यालयको प्रमुख प्रशासनिक व्यक्तित्व । |
| विद्यालय व्यवस्थापन समिति | : विद्यालय व्यवस्थापन समिति भनेको विद्यालयको रेखदेख र व्यवस्थापन गर्नको निमित्त गठन भएको समिति, |
| अभिभावक | : विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अभिभावक भनी विद्यालयको अभिलेखमा गरिएको व्यक्ति । |
| वित्तीय व्यवस्थापन | : शिक्षामा आवश्यक आम्दानीका श्रोतहरु जुटाउने विधि र त्यसको प्रभावकारी खर्चको बाँडफाँड गर्नु । |

# परिच्छेद दुई

## सैद्धान्तिक साहित्यको पुनरावलोकन र अवधारणात्मक खाका

यस परिच्छेदमा अध्ययनको सैद्धान्तिक खाका तथा अनुसन्धानसँग सम्बन्धित साहित्यको पुनरावलोकनलाई उल्लेख गरिएको छ । अध्ययनलाई वस्तुगत बनाउनका निमित्त वैज्ञानिक व्यवस्थापनको सिद्धान्त, मानव सम्बन्ध सिद्धान्त तथा मार्क्सको सिद्धान्तलाई हेरिएको छ ।

### २.१ सैद्धान्तिक खाका

एफ.डब्लु. टेलर (सन् १८५६) को वैज्ञानिक व्यवस्थापन सिद्धान्तको दृष्टिकोण अनुसार जथाभावि रुपमा परम्परागत नियम र शैलीमा आधारित काम गर्ने चालचलनको सट्टा व्यवस्थित, तर्कपूर्ण र न्यायोचित तरिकाले विधिवत् काम गर्ने वैज्ञानिक परिपाटिको थालनी गर्ने धारणालाई अगाडि ल्याइएको छ । संगठनमा काम गर्दा सबै तह र व्यक्तिहरु बीच मनमुटावको सट्टा एक आपसमा समझदारी र सहिष्णुता कायम गरी काम गरेमा अत्यधिक प्रतिफलका साथ कार्य सम्पन्न गर्न सकिन्छ (काफ्ले र पौडेल २०६४) ।

यस सिद्धान्तको आधारमा विद्यालयको आर्थिक पक्षलाई उचित व्यवस्थापन गर्दै लैजानु पर्ने र त्यसो भएमा बिद्यालयका बित्तिय समस्याहरु सहजै हल गर्न सकिन्छ भनि बिश्लेषण गर्न सकिन्छ ।

इल्टन मायो ( इ.स. १९५०) को मानव सम्बन्ध सिद्धान्त अनुसार कुनै पनि संगठन तथा कार्यालयमा काम गर्ने कामदार बीच मानव सम्बन्ध राम्रो भएमा उत्पादन राम्रो, चाँडो र स्तरीय हुने र यसको विपरीत भएमा कार्य सम्पादनमा ढिलो, नराम्रो र कम गुणस्तरीय हुनाले उत्पादन प्रक्रियामा प्रभाव पार्दछ । यसको सिद्धान्तलाई अन्तर व्यक्ति व्यवहार भनिन्छ । मानव सम्बन्ध सिद्धान्त भनेको मानवलाई मानव जस्तो व्यवहार गर्नु पर्दछ । जुनसुकै संघसंस्थामा पनि मानवीय सम्बन्ध राम्रो भएमा उत्पादन राम्रो हुने हुनाले विद्यालयको लगानी प्रक्रिया र उत्पादन सबै पूणालीलाई चुस्त, दुरुस्त राख्ने तथा शिक्षक

तथा कर्मचारी बीच राम्रो सम्बन्ध राख्न मद्यत पुग्ने भएकाले मानव सम्बन्ध सिद्धान्तको. अनुसरण गरिएको छ । साथै मेरी पार्करका अनुसार उद्योगमा काम गर्ने मानिससँग मानवीय सम्बन्ध अत्यन्त सुमधुर हुनु पर्दछ । हाकिम (प्र.अ.), कारिन्दा (शिक्षक) तथा कारिन्दा कारिन्दा बीचमा पनि अत्यन्त घनिष्ठ सम्बन्ध नङ र मासु जस्तै हुनु पर्ने हुन्छ ( कोइराला र श्रेष्ठ, २०६५ बाट उद्धृत) ।

कार्ल मार्क्स (सन् १८१८ १८८३) को आर्थिक सिद्धान्त अनुसार समाजको परिवर्तनसँगै जब सम्म आर्थिक अवस्था कमजोर रहन्छ तबसम्म राज्यका सबै क्षेत्र र एकाइमा सुधार गर्न सकिदैन । आर्थिक तत्वले समाजको वैचारिक, दार्शनिक र राजनैतिक परिवर्तन समेत गराउँछ । जहाँ व्यक्तिको आयस्तर वृद्धि हुन्छ त्यहाँका व्यक्तिले शिक्षामा पनि त्यस्तै बमोजिमको माग गर्दछ अथवा शिक्षामा बढी लगानी गर्ने प्रयत्न गर्दछ र राज्यले पनि त्यही अनुसार खर्च गर्दछ (शर्मा २०६२ ) । मार्क्सको सिद्धान्त अनुसार वितरण र उत्पादनबीच समन्वय नहुदा द्वन्द्व सिर्जना हुन्छ । विद्यालय पनि यस समस्याबाट मुक्त हुन सक्दैन । शिक्षामा सरकारले जति लगानी गरिरहेको छ त्यस अनुसार विद्यार्थीको गुणस्तर र संख्या उत्पादित छ, छैन त्यसको लेखा जोखा गर्नु नितान्त आवश्यक छ । विद्यालयमा प्राप्त विभिन्न शीर्षकहरुको रकम सो शीर्षक अनुसार खर्च तथा व्यवस्थापन भई रहेको छ , छैन तथा विद्यालयको वित्तीय पारदर्शितामा के कस्ता समस्या छन् , त्यसको व्यवस्थापनमा विद्यालयका प्रमुखको भूमिका कस्तो छ, भनी लेखा जोखा गर्न मार्क्सको आर्थिक व्यवस्थापन सिद्धान्तले महत्वपूर्ण सहयोग गर्न सक्दछ भनी यो सिद्धान्तलाई यस अध्ययनको मुख्य आधारको रुपमा लिइएको छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

पौडेल (२०६२) द्वारा प्रस्तुत सामुदायिक प्राथमिक विद्यालयहरुमा आर्थिक स्रोत व्यवस्थापन र शैक्षिक उपलब्धिमा पार्ने प्रभाव नामक शोधपत्रमा रुपन्देही जिल्लाको बुटवल नगरपालिकाको ५ वटा विद्यालयको जनसंख्यालाई लिएर गरिएको अध्ययनबाट निम्नानुसारको निचोड निकालिएको छ । प्राथमिक विद्यालयहरुको भवन, खानेपानी, खेलकुदमैदान, भौतिक वनावट, शिक्षकको दरबन्दी संख्याको अभावले विद्यालयहरु ग्रस्त

रहेको उल्लेख गर्नु भएको छ । विद्यालय छाड्ने दर उच्च अर्थात् २१ प्रतिशत रहेको, विद्यार्थी उत्तीर्ण दर ६९ प्रतिशत र औषत उपलब्धि ४६ प्रतिशत रहेको पाइयो । विद्यार्थीहरुले स्थानीय स्तरमा गा.वि.स. र जि.वि.स. मार्फत् मात्र आर्थिक स्रोत संकलन गरीरहेको अवस्था देखाइएको छ । प्राथमिक तहको शिक्षामा सरकारबाट ६६.०५ प्रतिशत, स्थानीय स्तरबाट ३७.९ प्रतिशत र शुल्कबाट ६.६ प्रतिशत रकम संकलन भई रहेको र प्राथमिक तहमा लगानीको मात्रा अत्यन्त न्यून भएको र सो बढाउनु पर्ने स्थानीय संघ संस्था र गैर सरकारी संस्था र दातृ संस्थाले लगानी गर्दा इन्भेष्टमेन्ट र रिटर्न एनलाइसिस गर्नु पर्ने, आर्थिक स्रोत संकलनमा सम्बन्धित पक्ष सक्रिय रहनु पर्ने, विद्यार्थीको संख्या अभिवृद्धि गर्न अभिभावकहरुलाई सुसुचित गर्नु पर्ने सुझावको रुपमा उल्लेख गरिएको छ ।

प्रस्तुत शोधमा विद्यालयहरुको आर्थिक स्रोत व्यवस्थापन, खानेपानी, भौतिक व्यवस्थापन, खेलमैदान, शिक्षक दरबन्दीको मुद्दा उठाए पनि विद्यालयको आर्थिक स्रोतहरु बारे केही कुरा उल्लेख गरिएको छैन । तसर्थ यस शोधमा सामुदायिक विद्यालयमा वित्तीय व्यवस्थापन, वित्तीय पारदर्शिता तथा विद्यालय र समुदायको सम्बन्ध सुदृढीकरणमा देखा परेको समस्याहरु पत्ता लगाई त्यसको समाधानका उपायहरुको खोजी गर्नु मुख्य उद्देश्य रहेको छ ।

अधिकारी (२०६६) का अनुसार नेपालको सामुदायिक माध्यमिक विद्यालयमा आर्थिक अभावका कारण व्यवस्थापन पक्ष कमजोर भएकोले २०६५।०६६ देखि समुदायमा हस्तान्तरण हुन चाहने सामुदायिक विद्यालयहरूलाई आवश्यकता हेरी एकमुष्ट रकम प्रदान गर्ने र विद्यालयलाई समुदायको जिम्मा लगाउने कार्यक्रम संचालन गइरहेको जानकारी दिएको छ । आर्थिक दृष्टिकोणले न्यून रहेको सामुदायिक विद्यालयहरूलाई मद्दत पुग्नेछ । भौतिक रुपमा सम्पन्न बनाउन निःशुल्क शिक्षाको व्यवस्था गर्न, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, तलव भत्ता, प्रशासनिक खर्च र समान्य विकास निर्माणका लागि टेवा पुग्न सक्ने कुरा उल्लेख गरेको छ । यस बुलेटिनबाट सामुदायिक विद्यालयहरू समुदायमा हस्तान्तरण हुदै जाँदा आर्थिक रुपले सक्षम बन्ने कुरा उठाइएको पाइन्छ ।

उपरोक्त सम्बन्धित प्रतिवेदन, कार्यपत्र शोधपत्र तथा अध्ययनबाट जनसहभागिताको प्रवल भावनात्मक पक्षलाई भौतिक रुपमा निराशा उत्पन्न हुन नदिन सामुदायिक माध्यमिक विद्यालयको राम्रो आर्थिक अवस्थालाई शैक्षिक गुणस्तर वृद्धि गराउने तर्फ सक्षम बनाउन,

विद्यालय व्यवस्थापनमा रहने अभिभावक राजनैतिक पूर्वाग्रहबाट टाढा रही आफ्नो दायित्व बोधका साथै सरकारले विद्यालय माथि गरेको लगानीलाई जनसहयोग जुटाई सुमार्गमा परिचालन गरी आफ्नो भूमिका स्पष्ट पार्नु पर्दछ भन्ने मान्यता राखेको पाइन्छ । सरकार र राजनीतिक दलहरूको बीचमा रहने सम्बन्ध, मुलुकको राजनीतिमा आउने स्थिरता, सन्तुलनको अवस्था, समग्र आर्थिक कार्य ढाँचा, स्थानीय तहमा अपनत्वको विकास, कार्यक्रमको प्राथमिकताको निर्धारण र कार्यान्वयन तथा संस्थागत सुद्धढीकरण, एकले अर्कोलाई दोष दिनु भन्दा आफुले विद्यालयमा केही गर्न सकिने कुरा यस शोध कार्यमा समेट्ने प्रयास गरिएको छ ।

लम्साल (२०६५) का अनुसार "जहाँ धेरै विद्यार्थी त्यहाँ धेरै अनुदान" शीर्षकको लेखमा विद्यालयहरुलाई अनुदान प्रदान गर्ने धेरै विधिहरु मध्ये विद्यार्थी संख्यालाई मुख्य आधार बनाइएको छ । विद्यार्थीलाई लाग्ने शैक्षिक लागत र विद्यार्थी संख्यालाई गुणन गरी अनुपातद्वारा रकम तोक्नु पर्ने, यसको आधारमा विद्यार्थीका पहुँच विद्यालयको स्थापना र शैक्षिक गुणस्तरलाई एकैचोटी सम्बोधन गर्ने, विद्यालयको आर्थिक श्रोतको विश्लेषण गर्नु, विद्यार्थी लागत र अनुदानको रकम वितरण प्रक्रियालाई केलाउनु, वि.व्य.स.को मर्म बमोजिम पारदर्शिता कायम गराउन सकिने उद्देश्य यस लेखले राखेको पाइन्छ ।

यस लेखले विद्यालयमा आर्थिक स्थिति सुधार गर्न महत्वपूर्ण मार्ग निर्देशन गर्ने भएकोले यस शीर्षकको अन्तर सम्बन्ध रहेको महसुस गरी समिक्षा गर्ने प्रयास गरिएको छ । तथापि यस लेखले विद्यालयको विभिन्न शीर्षकमा आएको रकमको सदुपयोग भए नभएको, आर्थिक पारदर्शिताको कुरा उठाए पनि त्यसको सामाजिक परीक्षण तथा लेखा परीक्षणको कुरा नउठाएकोले यसलाई अध्ययनको विषयवस्तु बनाइएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता


साहित्यको पुनरावलोकनबाट अनुसन्धान कार्यलाई निश्चित दिशा, दार्शनिक आधार प्रदान गर्न मद्दत गर्दछ । सामुदायिक उ.मा.वि.मा बित्तीय व्यवस्थापन सम्बन्धि गरिएको यस

अध्ययनमा विभिन्न सिद्धान्त तथा अनुसन्धानहरुको पुनरावलोकन गरी अध्ययनको विषयको ज्ञानको क्षेत्रलाई फराकिलो र विश्वासिलो बनाउन मद्दत गरेको छ ।
प्रस्तुत शोधपत्रको लागि छानिएको वैज्ञानिक व्यवस्थापन सिद्धान्त, मानव सम्बन्ध सिद्धान्तले कुनै पनि संघ संगठनमा प्रशासक, कामदार वा भाषिक र कारिन्दा बीचको सुमधुर सम्बन्ध तथा वैज्ञानिक तरिकाले दक्षता र क्षमता अनुसार कार्य गर्न दिइने, तालिमको व्यवस्था गरिने साथै समय र श्रममा धेरैभन्दा धेरै प्रतिफल प्राप्त गरिने हुनाले विद्यालय पनि एउटा प्रणाली अन्तर्गतको लगानी, प्रक्रिया र उत्पादनसँग सम्बन्धित हुने भएकाले त्यसमा बित्तीय व्यवस्थापनमा पार्ने भूमिकाको लेखाजोखा गर्न यी सिद्धान्तहरुको पुनरावलोकन गरिएको छ ।

यसरी नै मार्क्सको आर्थिक सिद्धान्तलाई पनि सैद्धान्तिक खाकाको रुपमा लिइएको छ । विद्यालय व्यवस्थापनलाई पारदर्शि पार्न आर्थिक स्रोतको संकलन गर्न, प्रोत्साहन गर्न, शैक्षिक प्रगतिको मूल उद्देश्यलाई पूरा गर्न आर्थिक तत्वको अहम् भूमिका भएकाले मार्क्सको सिद्धान्त यस शोध पत्रको अध्ययनमा सहयोग गर्न सक्दछ भन्ने ठानिएको छ । विद्यालयको बित्तीय व्यवस्थापन तथा त्यसमा देखा परेका समस्याहरुको खोजी गर्दै समाधानका उपायहरुको प्रस्तुत गर्ने उद्देश्य लिएर यसको गहन अध्ययन गरिने हुनाले अध्ययनको शैक्षिक उपादेयता स्पष्ट हुन्छ ।

## २.४ अवधारणात्मक खाका

सामुदायिक उ.मा.वि.मा वित्तीय व्यवस्थापन अध्ययन निम्न अवधारणात्मक खाकामा आधारित रहेको छ :



सामुदायिक उच्च माध्यमिक विद्यालयको बित्तिय व्यवस्थापनमा विद्यालय सुधार योजना, विद्यालय लगानी कोष, जग्गा ठेक्का, अभिभावक सहयोग, सांसद कोष, स्थानान्तरण प्रमाण-पत्र, सरकारी अनुदान, तलब भत्ता आदिको प्रत्यक्ष प्रभाव रहेको छ । यसका साथै बिद्यालयको बित्तीय ब्यवस्थापनका लागि बिद्यालयमा प्राप्त हुने बिबिध आम्दानी र तिनको उपयुक्त बितरणको खाँचो पर्दछ ।

# परिच्छेद तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अनुसन्धान ढाँचा

सुनसरी जिल्ला धरान श्रोतकेन्द्र अन्तर्गतका सामुदायिक उ.मा.वि.मा बित्तीय व्यवस्थापन नामक शोध कार्यलाई पूरा गर्न मिश्रित अनुसन्धानात्मक ढाँचाको प्रयोग गरिएको छ । यसमा कुनै अवस्था, प्रक्रिया, समस्या तथा घटनाको व्याख्या विश्लेषण शाब्दिक रुपमा गरिने गुणात्मक ढाँचा र कुनै पनि विषयवस्तु समस्या तथा मुद्दासँग सम्बन्धित विभिन्न चरण्हरु बीचको सम्बन्धलाई स्पष्ट पार्नका लागि परिणात्मक ढाँचाको प्रयोग गरिएको छ ।

## ३.२ अध्ययनका जनसंख्या, नमूना र नमूना रणनीति

### ३.२.१ जनसंख्या

यस अध्ययनमा बाँधिएको परिसीमा अनुसार सुनसरी जिल्लाको धरान श्रोतकेन्द्र अन्तर्गत ४ वटा सामुदायिक उ.मा.वि.लाई जनसंख्याको रुपमा लिइएको छ ।

### ३.२.२ नमूना र नमूना रणनीति

यस अनुसन्धानको क्षेत्र धरान श्रोतकेन्द्रका सामुदायिक उ.मा.वि.अन्तर्गत ४ वटा विद्यालय छनौट गरिएका छन् । अध्ययनका लागि छनौट भएका विद्यालयहरुमा १) श्री चन्द्र संस्कृत उ.मा.वि. धरान,२) श्री पब्लिक उ.मा.वि. धरान,३)श्री ज्ञानोदय उ.मा.वि. धरान ४) श्री फुस्रे उ.मा.वि. धरान, रहेका छन् ।

## ३.३ अध्ययनको क्षेत्र

प्रस्तुत अध्ययनका लागि सुनसरी जिल्लाको धरान स्रोत केन्द्रलाई अध्ययनको क्षेत्र मानिएको छ । धरान स्रोत केन्द्रका सामुदायिक उच्च माध्यमिक बिद्यालयलाई अध्ययनको मुख्य क्षेत्र बनाईएको छ ।

## ३.४ तथ्यांक संकलनका साधनहरु

प्रस्तुत शोध कार्य सम्पन्न गर्नका लागि निम्नानुसारका तथ्यांक संकलनका साधनहरु प्रयोग गरिएको छ ।

**३.४.१ प्रश्नावली**

यो अध्ययन गर्नका लागि छनौटमा परेका विद्यालयका वि.व्य.स.का पदाधिकारी, प्र.अ.र शिक्षकहरुलाई प्रश्नावलीको प्रयोग गरिएको छ । प्रश्नावलीलाई अनुसूची १,२ र ३ मा राखिएको छ ।

**३.४.२ लक्षित छलफल**

यो अध्ययन गर्नका लागि छनौटमा परेका विद्यालयमा गई शिक्षक, विद्यार्थी, वि.व्य.स. पदाधिकारी र शिक्षक अभिभावक बीच छलफल गरिएको छ ।

**३.४.३ अभिलेख अध्ययन**

यो अध्ययनका लागि चाहिने तथ्याङ्क विद्यालयले राखेको अभिलेखहरुबाट गरिएको छ ।

**३.५ तथ्यांकका स्रोतहरु**

यस अध्ययन सम्पन्न गर्न प्राथमिक र सहायक दुवै प्रकारका स्रोतहरुको उपयोग गरिएको छ ।

**३.५.१ प्राथमिक स्रोत**

यस स्रोत अनुसार प्रश्नावली, अन्तर्वार्ता, अवलोकन, छलफल आदि साधनहरुको प्रयोग गरिएको छ ।

**३.५.२ सहायक स्रोत**

विज्ञहरुले लेखेको दस्तावेज, सन्दर्भ सामग्रीहरु, पत्रपत्रिका, सोधपत्र, तथ्यांक फारम, उपलब्धि मूल्यांकन फारम, शैक्षिक तथ्यांक आदिका आधारमा अध्ययन सम्पन्न गरिएको छ ।

**३.६ तथ्यांक संकलन विधि**

तथ्यांक संकलन भनेको अध्ययनका लागि अनुसन्धानकर्ताले सम्बन्धित स्थानमा गई सम्बन्धित व्यक्तिसँग भेटी प्रश्नावली वितरण गरी अवस्थाको अवलोकन गरी समूह छलफल र अन्तरक्रिया साथै अन्तर्वार्ता गर्ने प्रक्रिया हो ।

अध्ययन कार्यलाई प्रभावकारी एवम् सार्थक वनाउन अध्ययनका साधनहरूको साथसाथै तथ्यांक संकलन प्रक्रियाको पनि महत्वपूर्ण स्थान हुन्छ । तथ्यांक संकलन प्रकृया राम्रो भएन भने सही तथ्यांक प्राप्त गर्न नसकेर अनुसन्धानको उद्देश्य पूरा हुन सक्दैन । त्यसकारण अनुसन्धानकर्ता स्वयम् यसमा आवश्यक पर्ने तथ्यांक संकलनका लागि अध्ययन गरिएका विद्यालयहरूमा सम्पर्क राखी आवश्यक सहयोग लिइएको छ । सामुदायिक उच्च मा. बि. का प्र.अ.हरू/प्राचार्यहरू, शिक्षक शिक्षिकाहरू, वि. व्य. स. का अध्यक्षहरू एवम् सरोकारवाला व्यक्तिहरूसँग प्रत्यक्ष भेट गरी प्रश्नावली भर्न दिएको थियो । यसका साथै विद्यालय संचालन भएको वेलामा सम्बन्धित सरोकारवालाहरूसँग लक्षित समूह छलफल गरिएको छ । उद्देश्य परिपूर्तिका लागि विभिन्न पक्षहरूबाट तथ्यांक संकलन गरी तथ्यांक संकलन प्रक्रियालाई बिश्वसनीय एवम् गुणस्तरीय बनाइएको छ ।

### ३.७ तथ्यांकको व्याख्या र विश्लेषण विधि

तथ्यांक विश्लेषण प्रक्रिया भनेको कोरा तथ्यांकहरूको प्रतिनिधिमूलक अंकहरू निर्माण गर्ने र तिनीहरूको आधारमा अनुसन्धानका समस्याहरूलाई तार्किक एवम् प्रामाणिक निष्कर्षमा पुऱ्याउन गरिने सम्पूर्ण प्रक्रिया हो ।

तथ्यांक विश्लेषण अध्ययन अनुसन्धानको महत्वपूर्ण पक्ष हो । यस अनुसन्धानमा विभिन्न किसिमका प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्यांकहरूलाई सिलसिलेवार रुपमा व्याख्या, विश्लेषण र विवेचना गरिदै निष्कर्षमा पुगिएको छ । यस अध्ययनमा संकलित प्राथमिक तथ्यांकहरूलाई उद्देश्यको आधारमा विभिन्न शीर्षक चयन गरी तथ्यांकको प्रस्तुतीकरण, विश्लेषण तथा व्याख्या गरिएको छ । उच्च माध्यमिक बिद्यालयको बित्तीय व्यवस्थापन बारे अध्ययन गरिएकाले सांख्यिकीय विश्लेषणको साथै गुणात्मक विश्लेषण गरिएको छ । प्राथमिक एवम् द्वितीय स्रोतबाट संकलित सूचना एवम् तथ्यांकहरूलाई व्याख्या रुपमा विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । साथै आवस्यकता अनुसार तथ्यांकहरुलाई तालिकामा राखि बिश्लेषण गरिएको छ ।

# परिच्छेद चार

## नतिजाको छलफल

सामुदायिक उच्च माध्यमिक विद्यालयको बित्तिय व्यवस्थापनको अवस्था, विद्यालयहरुको बित्तीय स्रोतहरु, ती स्रोतहरुलाई उपयोग गर्ने तरिका तथा बित्तिय ब्यवस्थापनका समस्याहरु सम्बन्धी स्थितिलाई तथ्याङ्क संकलन गरी प्रस्तुत गर्ने प्रयास गरिएको छ । साथै तथ्याङ्कलाई स्पष्ट, तथ्यपूर्ण, आकर्षक र एक रुपताका साथ प्रस्तुत गरिने प्रयास गरिएको छ । तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी उद्देश्यपूर्ण रुपबाट ब्याख्या एवम् बिश्लेषण गरिएको छ। यस परिच्छेदमा संकलन, गरेका तथ्याङ्कलाई प्रदर्शन गर्दै बुँदागत व्याख्याद्वारा अध्ययनको लक्ष्यलाई पूरा गर्ने कार्य गरिएको छ।

यस परिच्छेदमा सामुदायिक उच्च माध्यमिक विद्यालयको बित्तिय व्यवस्थापनको अवस्था, विद्यालयहरुको बित्तीय स्रोतहरु, बित्तिय ब्यवस्थापनका समस्याहरु तथा बित्तिय ब्यवस्थापनका समस्या समाधानका उपायहरुलाई बिभिन्न उपशीर्षकहरुमा प्रस्तुत गरिएको छ।

### ४.१ सामुदायिक उच्च माध्यमिक विद्यालयमा बित्तिय व्यवस्थापनको अवस्था

बिभिन्न सरकारी विद्यालयहरुमा विभिन्न स्रोतहरुबाट रकमहरु प्राप्त भएको हुन्छ। जसमध्ये प्रमुख स्रोत सरकारी स्रोत हो भने अन्य स्रोतमा आन्तरिक स्रोतहरु पर्दछन् । अध्ययन गरिएका सामुदायिक उच्च माध्यमिक बिद्यालयमा रहेको बित्तिय ब्यवस्थापनको अवस्थालाई तलको उप शीर्षक तथा तालिकाहरुमा प्रस्तुत गरिएको छ।

#### ४.१.१ सरकारी अनुदानको अवस्था

विद्यालयलाई प्राप्त हुने बित्तिय स्रोतहरु विभिन्न हुन्छन् । यहाँ विद्यालयलाई प्राप्त हुने सरकारी अनुदानहरुमा शिक्षा कार्यालय मार्फत् प्राप्त हुने तलब, भत्ता, पाठ्यपुस्तक,

छात्रवृत्ति, भवन निर्माण, प्रशासनिक खर्च, स्टेशनरी खर्च, मसलन्द खर्च आदिको स्थितिलाई समावेश गरिएको छ ।

तालिका १

सरकारी अनुदानको स्थिति विवरण

| क.सं. | विद्यालयको नाम | शीर्षक सहितको अनुदान | शीर्षक नभएको अनुदान | जम्मा |
|---|---|---|---|---|
| १ | श्री ज्ञानोदय उ.मा.वि.धरान ११, सुनसरी | ८७,३९,५६१ | १३,५१,८६५ | १,००,९१,४२६ |
| २ | श्री ल्याबोरेटरी उ.मा.वि. धरान ८, सुनसरी | ५५,४९,६४९।५० | ५,६४,७०६ | ६१,१४,३५५।५० |
| ३ | श्री पब्लिक उ.मा.वि. धरान १३, फुस्रे सुनसरी | ५४,१०,३०७ | ४,४०,०५७ | ५८,५०,३५७ |
| ४ | श्री चन्द्र संस्कृत उ.मा.वि. धरान १६, सुनसरी | ६२,३४,८८१ | ४,८५,००० | ३७,१९,८८१ |

स्रोत : बिद्यालय अभिलेख, २०७२

माथिको तालिकामा दिइएको शीर्षक सहितको अनुदानमा तोकिएको शीर्षकमा नै खर्च गरेको पाइयो । शीर्षक सहितको अनुदानमा जिल्ला शिक्षा कार्यालयबाट प्राप्त रकमहरुमा शिक्षकको तलबभत्ता, कर्मचारी अनुदान, कर्मचारी संचयकोषको रकम, नागरिक लगानी कोष, लुगा भत्ता (स्थायी शिक्षकलाई मात्र), छात्रवृत्ति, मसलन्द, पाठ्यपुस्तक रकम आदि रहेका छन् । जसलाई विद्यालयका प्राचार्य/प्र.अ.हरुले तोकिएको शीर्षकमा नै खर्च गरेको पाइयो । यी खर्चहरुमा श्री ज्ञानोदय उ.मा.वि धरानको ८७,३९,५६१, श्री ल्याबोरेटरी उ.मा.वि धरानको ५५,४९,६४९।५०, श्री पब्लिक उ.मा.वि. फुस्रेको ५४,१०,३०० र श्री चन्द्र संस्कृत उ.मा.वि. धरानको ६२,३४,८८१ खर्च गरेको पाइयो ।

त्यस्तै शीर्षक नभएको तर विद्यालयलाई प्राप्त रकम अनुदानलाई विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार विद्यालयका आवश्यक विभिन्न कामकाजमा खर्च गरेको पाइयो ।

यी विभिन्न कामकाजमा कुनै विद्यालयले फर्निचर मर्मत विद्यालयले पर्खाल बनाउने, मर्मत गर्ने तथा निजि स्रोतका शिक्षक कर्मचारीहरुलाई तलब दिने काममा खर्च गरेको पाइयो ।

### ४.१.२ शिक्षक तलबभत्ताको स्थिति

अध्ययन गरिएका धरान स्रोत केन्द्रका सामुदायिक उच्च माध्यमिक बिद्यालयहरुमा शिक्षक तलब भत्तामा गरिएको खर्चको अवस्था यसप्रकार पाईएको थियो ।

तलिका २

शिक्षक तलबभत्ताको स्थिति विवरण

| क.सं. | विद्यालयको नाम | तलबभत्ता |
|---|---|---|
| १ | श्री ज्ञानोदय उ.मा.वि.धरान ११, सुनसरी | ५९,२८,०८९ |
| २ | श्री ल्याबोरेटरी उ.मा.वि. धरान ८, सुनसरी | ४५,४५,९८२ |
| ३ | श्री पब्लिक उ.मा.वि. धरान १३, फुस्रे सुनसरी | ४४,६९,१४२ |
| ४ | श्री चन्द्र संस्कृत उ.मा.वि. धरान १६, सुनसरी | ४९,५९,८३३ |

स्रोत : बिद्यालय अभिलेख, २०७२

माथिको तालिकामा जिल्ला शिक्षा कार्यालयबाट प्राप्त शिक्षकहरुको तलब भत्तालाई शीर्षक बमोजिम नै कार्यरत सबै शिक्षक कर्मचारीलाई भुक्तानी गरेको पाइयो । श्री ज्ञानोदय उ.मा.वि. धरान  ११, ले रु ५९,२८,०८९, श्री ल्याबोरेटरी उ.मा.वि. धरान ८ ले ४५,४५,९८२ , श्री पब्लिक उ.मा.वि. धरान १३ ले ४४,६९,१४२ र श्री चन्द्र संस्कृत उ.मा.वि. धरान १६ ले ४९,५९,८३३ रुपैया तलबभत्तामा खर्च गरेको पाइयो । श्री ज्ञानोदय उ.मा.बि. ले सबैभन्दा बढी रकम शिक्षकको तलब भत्तामा छुट्याउने गरेको पाईयो ।

### ४.१.३ छात्रवृत्तिको स्थिति

अध्ययन गरिएका धरान स्रोत केन्द्रका सामुदायिक उच्च माध्यमिक बिद्यालयहरुमा छात्रवृत्तिको स्थिति को अवस्था यसप्रकार पाईएको थियो ।

तालिका ३

छात्रवृत्तिको स्थिति विवरण

| क.सं. | विद्यालयको नाम | तलबभत्ता | आन्तरिक स्रोत |
|---|---|---|---|
| १ | श्री ज्ञानोदय उ.मा.वि.धरान ११, सुनसरी | ५,७०० | - |
| २ | श्री ल्याबोरेटरी उ.मा.वि. धरान ८, सुनसरी | २,०६,२८२ | - |
| ३ | श्री पब्लिक उ.मा.वि. धरान १३, फुस्रे सुनसरी | १,३३,२०० | - |
| ४ | श्री चन्द्र संस्कृत उ.मा.वि. धरान १६, सुनसरी | १७,६०० | ९२,००० |

स्रोत : बिद्यालय अभिलेख, २०७२

माथिको तालिकामा छात्रवृत्तिको स्थितिलाई हेर्दा जिल्ला शिक्षा कार्यालयबाट विभिन्न शीर्षकमा छात्रवृत्तिहरु पठाउने गरेको देखिन्छ । ती छात्रवृत्तिहरुमा दलित छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति, छात्रा छात्रवृत्ति, सिमान्तकृत छात्रवृत्ति आदि प्रमुख छात्रवृत्तिहरु रहेका छन् । जसलाई विद्यालय व्यवस्थापन समितिको पदाधिकारी, शिक्षक, अभिभावकहरुको उपस्थितिमा तोकिएको विद्यार्थीहरुलाई ती छात्रवृत्तिहरु बाढ्ने गरेको पाइन्छ । छात्रवृत्तिको स्थितिलाई हेर्दा श्री ज्ञानोदय उ.मा.वि. धरान ११ ले ५,७००, श्री ल्याबोरेटरी उ.मा.वि.धरान ८ ले २,०६,२८५, श्री पब्लिक उ.मा.वि. धरान १३ ले १,३३,२०० र श्री चन्द्र संस्कृत उ.मा.वि. धरान १६ ले १७,६०० वितरण गरेको पाइयो । श्री चन्द्र संस्कृत उ.मा.वि. धरान १६ ले आन्तरिक स्रोतबाट कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरु मध्येबाट छनौट गरी केहीलाई प्रतिमहिना रु ४०० का दरले जम्मा ९,२००० रुपियाँ विद्यालयको आन्तरिक स्रोतबाट छात्रवृत्ति दिएको पाइयो । जसबाट संस्कृत विषय पढनेहरुलाई हौसला प्रदान गरेको देखिन्छ ।

### ४.१.४ विद्यालय व्यवस्थापनमा प्राप्त रकमको स्थिति

धरान स्रोत केन्द्रका सामुदायिक उच्च माध्यमिक बिद्यालयहरुमा गरिएको अध्ययनबाट बिद्यालय ब्यवस्थापनमा निम्नानुसारको रकम पाईएको थियो । जसलाइ तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४

विद्यालय व्यवस्थापनमा प्राप्त रकमको स्थिति

| क.सं. | विद्यालयको नाम | कर्मचारी व्यवस्थापन | मसलन्द | पाठ्यपुस्तक |
|---|---|---|---|---|
| १ | श्री ज्ञानोदय उ.मा.वि.धरान ११, सुनसरी | १,९२,३९२ | ३०,००० | ३,००,००० |
| २ | श्री ल्याबोरेटरी उ.मा.वि. धरान ८, सुनसरी | १,९२,३९२ | ३०,००० | १,९९,४५८ |
| ३ | श्री पब्लिक उ.मा.वि. धरान १३, फुस्रे सुनसरी | १,९२,३९२ | २८,००० | १,३२,७०० |
| ४ | श्री चन्द्र संस्कृत उ.मा.वि. धरान १६, सुनसरी | १,९२,३९२ | १२,००० | ५४,६८५ |

स्रोत : बिद्यालय अभिलेख, २०७२

माथिको तालिकामा विद्यालय व्यवस्थापनमा प्राप्त रकमको स्थितिलाई हेर्दा जिल्ला शिक्षा कार्यालयबाट विभिन्न शीर्षकमा विद्यालयलाई रकम प्राप्त भएको देखिन्छ । जस अनुसार व्यवस्थापन, मसलन्द, पाठ्यपुस्तकमा रकम प्राप्त भएको देखिन्छ । कर्मचारी व्यवस्थापन तर्फ प्रत्येक उ.मा.वि.लाई रु १,९२,३९२ एकमुष्ठ रुपमा एक आर्थिक वर्षमा दिने गरेको देखिन्छ । त्यसै गरी श्री ज्ञानोदय उ.मा.वि.ले मसलन्द तर्फ रु ३०,००० , श्री ल्याबोरेटरी उ.मा.वि.ले पनि ३०,००० , श्री पब्लिक उ.मा.वि.ले रु २८,००० मात्र र श्री चन्द्र संस्कृत उ.मा.वि.ले रु १२,००० मात्र प्राप्त गरेको पाइन्छ । त्यसै गरी पाठ्यपुस्तकमा पनि एक रुपता पाउन सकिदैन । जसमा श्री ज्ञानोदय उ.मा.वि.ले पाठ्यपुस्तक वापत रु ३,००,००० , श्री ल्याबोरेटरी उ.मा.वि.ले १,९९,४५८, श्री पब्लिक उ.मा.वि.ले रु १,३२,७०० र श्री चन्द्र संस्कृत उ.मा.वि. धरान ले रु ५४,६८५ पाप्त गरेको देखिन्छ ।

### ४.१.५ भौतिक निर्माणमा प्राप्त रकमको स्थिति

अध्ययन गरिएका धरान स्रोत केन्द्रका सामुदायिक उच्च माध्यमिक बिद्यालयहरुमा छात्रवृत्तिको स्थिति को अवस्था यसप्रकार पाईएको थियो ।

तलिका ५

भौतिक निर्माणमा प्राप्त रकमको स्थिति

| क्र. सं | विद्यालयको नाम | भवन | मर्मत संभार | जम्मा |
|---|---|---|---|---|
| १ | श्री ज्ञानोदय उ.मा.वि.धरान ११, सुनसरी | ८,००,००० | | ८,००,००० |
| २ | श्री ल्याबोरेटरी उ.मा.वि. धरान ८, सुनसरी | | | |
| ३ | श्री पब्लिक उ.मा.वि. धरान १३, फुस्रे सुनसरी | | १,४०,०० | १,४०,००० |
| ४ | श्री चन्द्र संस्कृत उ.मा.वि. धरान १६, सुनसरी | | ९०,१९८ | ९०,१९८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

प्रस्तुत तालिकालाई हेर्दा भौतिक निर्माणमा विद्यालयहरुलाई प्राप्त रकमको स्थिति ज्यादै कमजोर देखिन्छ । यसमा श्री ज्ञानोदय उ.मा.वि.लाई भवन निर्माणमा रु ८,००,०००, श्री ल्याबोरेटरी उ.मा.वि.लाई कुनै पनि शीर्षकमा रकम उपलब्ध नभएको देखिन्छ । यसै गरी श्री पब्लिक उ.मा.वि. लाई मर्मत संभार वापत रु १,४०,००० र श्री चन्द्र संस्कृत उ.मा.वि.लाई मर्मत संभार वापत रु ९०,१९८ जिल्ला शिक्षा कार्यालयबाट प्राप्त भएको देखिन्छ । श्री ज्ञानोदय उ.मा.वि.लाई भने सबैभन्दा बढी रकम प्राप्त भएको देखिन्छ ।

### ४.१.६ आन्तरिक स्रोतबाट प्राप्त रकमको स्थिति

विद्यालयहरुमा आन्तरिक स्रोतबाट प्राप्त हुने रकमहरुमा शुल्क, चन्दा तथा सहयोग हुन् । अध्ययन गरिएका बिद्यालयमा आन्तरिक स्रोतबाट प्राप्त रकमको स्थितिलाइ तलको तालिकामा देखाईएको छ ।

तालिका ६

आन्तरिक स्रोतबाट प्राप्त रकमको व्यवस्थापन विवरण

| क.सं. | विद्यालयको नाम | शुल्क | चन्दा तथा सहयोग | जम्मा |
|---|---|---|---|---|
| १ | श्री ज्ञानोदय उ.मा.वि.धरान ११, | ७,५४,७६५ | ५,९७,१०० | १३,५१,८६५ |
| २ | श्री ल्याबोरेटरी उ.मा.वि. धरान ८, सुनसरी | ४,६४,७०६ | | ४,६४,७०६ |
| ३ | श्री पब्लिक उ.मा.वि. धरान १३, फुस्रे सुनसरी | २,८६,२०० | | २,८६,२०० |
| ४ | श्री चन्द्र संस्कृत उ.मा.वि. धरान १६, सुनसरी | ४५,८५० | २,२८० | ४८,१३० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकामा विद्यालयहरुको आन्तरिक स्रोतबाट प्राप्त रकमहरु कति कति छन् र त्यसको व्यवस्थापन कसरी भएको छ भन्ने कुरालाई प्रष्ट पार्न खोजिएको छ । विद्यालयहरुको आन्तरिक स्रोतमा शुल्कबाट उठेको रकम, स्थायी सम्पत्तिबाट उठेको रकम तथा बैंक मौज्दात र अन्य रकमहरु कति उठेका छन् भन्ने कुरालाई स्पष्ट्याउन खोजिएको छ । माथिको तालिका अनुसार श्री ज्ञानोदय उ.मा.वि.धरान ११ ले शुल्कबाट रु ७,५४,७६५ र चन्दा तथा सहयोगबाट रु ५,९७,१०० प्राप्त गरेको देखिन्छ । त्यस्तै श्री ल्याबोरेटरी उ.मा.वि. धरान ८ ले शुल्कबाट रु ४,६४,८०६ लिएको देखिन्छ । श्री पब्लिक उ.मा.वि. धरान १३ले शुल्कबाट रु २,८६,२०० प्राप्त गरेको छ । श्री चन्द्र संस्कृत उ.मा.वि. धरान १६ ले शुल्कबाट रु ४५,८५० र चन्दा तथा सहयोगबाट रु २,२८० लिएको देखिन्छ ।

**४.१.७ स्थानीय निकायबाट प्राप्त रकमको स्थिति**

अध्ययन गरिएका धरान स्रोत केन्द्रका सामुदायिक उच्च माध्यमिक बिद्यालयहरुमा स्थानीय निकायबाट प्राप्त रकमको स्थिति को अवस्था यसप्रकार पाईएको थियो ।

तालिका ७

स्थानीय निकायबाट प्राप्त रकमको स्थिति

| क.सं. | विद्यालयको नाम | स्थानीय निकायबाट प्राप्त रकम | | जम्मा |
|---|---|---|---|---|
| | | न.पा/गा.वि.स | जि.वि.स. | |
| १ | श्री ज्ञानोदय उ.मा.वि.धरान ११, सुनसरी | | | |
| २ | श्री ल्याबोरेटरी उ.मा.वि. धरान ८, सुनसरी | | ३३,७३३ | ३३,७३३ |
| ३ | श्री पब्लिक उ.मा.वि. धरान १३, फुस्रे सुनसरी | | | |
| ४ | श्री चन्द्र संस्कृत उ.मा.वि. धरान १६, सुनसरी | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकालाई हेर्दा स्थानीय निकायबाट विद्यालयहरुलाई नियमित रुपमा बजेट विनियोजन नगरेको देखिन्छ । विद्यालयहरुले प्रत्येक वर्ष स्थानीय निकायबाट अनुदानको अपेक्षा गरे तापनि ती निकायबाट कहिले काहीँ मात्र अनुदान दिएको देखिन्छ । यसरी यस शीर्षकमा श्री ल्याबोरेटरी उ.मा.वि. धरान ८ ले जि.वि.स.बाट मात्र रु ३३,७३३ प्राप्त गरेको देखिन्छ । अन्य ३ वटा विद्यालयमा स्थानीय निकायबाट अनुदान प्राप्त नभएको देखिन्छ ।

### ४.१.८ गैर सरकारी संस्थाबाट प्राप्त रकमको स्थिति

अध्ययन गरिएका धरान स्रोत केन्द्रका सामुदायिक उच्च माध्यमिक बिद्यालयहरुमा स्थानीय निकायबाट प्राप्त रकमको स्थिति हेर्दा अध्ययन गरिएका कुनै पनि विद्यालयहरुलाई गैरसरकारी संस्थाहरुबाट नियमित रुपमा अनुदान नदिएको देखिन्छ ।

## ४.२ विद्यालयको वित्तीय स्रोतहरुको स्थिति

विद्यालय सञ्चालन गर्नको लागि वित्तीय स्रोतहरुको आवश्यकता पर्दछ । विद्यालयमा शिक्षक अभिभावकहरु जति सक्रिय भई वित्तिय स्रोतको खोजी गर्छन्, त्यही अनुरुप वित्तिय स्रोतहरुको माध्यमबाट विद्यालय आर्थिक भौतिक रुपमा सबल हुदै जान्छ । शिक्षक, अभिभावक, समाजसेवी, शिक्षाप्रेमी आदिको सक्रियतामा विद्यालयको उन्नति भई रहेको हुन्छ । त्यसैले सक्रियता अनुसार नै कुनै विद्यालय खरायोको चालमा अगाडि बढि रहेको हुन्छ भने कुनै कछुवाको चालमा कतिपय विद्यालय त बन्द हुने स्थितिमा रहेको हुन्छ त कुनै बन्द नै भइसकेका छन् । विद्यालयमा वित्तीय स्रोतहरुको पहिचान यस उप शीर्षकमा गरिएको छ ।

अध्ययन गरिएका धरान स्रोत केन्द्रका सामुदायिक उच्च माध्यमिक बिद्यालयहरुमा बित्तीय स्रोतहरुको स्थिति यसप्रकार पाईएको छ ।

### क) सरकारी अनुदान

अध्ययन गरिएका सामुदायिक उच्च माध्यमिक विद्यालयहरूको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी तथा अस्थायी शिक्षक शिक्षिकाहरूको तलब भत्ता तथा विद्यालयको दैनिक प्रशासनिक कार्य सञ्चालनका लागि मसलन्द बापत हरेक विद्यालयमा सरकारी अनुदान उपलब्ध गराइएको छ । हरेक विद्यालयमा उपलब्ध गराइएको अनुदान त्यस विद्यालयमा कार्यरत शिक्षक दरबन्दी संख्याको आधारमा भएकाले अनुदानको रकम पनि त्यसै अनुरुप बढी र घटी पाइएको छ ।

### ख) छात्रबृत्ति

अध्ययन गरिएका सामुदायिक उच्च माध्यमिक विद्यालयमा छात्रबृत्तिको ब्यवस्था गरेको पाइयो । बिद्यालयमा अध्ययन गर्ने दलित, अपाङ्ग, छात्राहरू, जेहेन्दार र गरीब बिद्यार्थीहरू आर्थिक अभावले शिक्षाको अवसरबाट बञ्चित हुन नपरोस भन्ने उद्देश्यले सामुदायिक उ.मा.बि. मा छात्रवृत्ति वापत यस्तो अनुदान उपलब्ध गराइएको छ ।

### ग) बिद्यालयले तोकेको शुल्क

अध्ययन गरिएका सामुदायिक उच्च माध्यमिक बिद्यालयमा बिद्यालयले तोकेका बिभिन्न शीर्षकका शुल्कहरु पनि बित्तीय स्रोतका रुपमा रहेको पाइयो । यस्ता रकममा स्थानान्तरण प्रमाण पत्र आर्थिक आम्दानीको एउटा निश्चित र अनिवार्य स्रोतका रुपमा रहदै आएको छ । हरेक सामुदायिक उच्च माध्यमिक विद्यालयले कक्षा १० तथा कक्षा १२ को प्रवेशिका परीक्षा उत्तीर्ण भइसकेपछि चारित्रिक र विद्यालय स्थानान्तरण प्रमाण पत्र वापत विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम शुल्क निर्धारण गरी विद्यार्थीले चाहेको बेलामा तोकिएको शुल्क तिरी सम्बन्धित कक्षा उत्तीर्णको स्थानान्तरण प्रमाण पत्र लिन पाइने व्यवस्था रहेको छ ।

### घ) सांसद कोष

नेपाल सरकारले हरेक सांसदलाई उनीहरूको संसदीय क्षेत्रमा विकासका लागि प्रति बर्ष छुट्याइएको रकम मध्ये हरेक विद्यालयले भौतिक, शैक्षिक एवम् अन्य व्यवस्थापनका लागि सांसद कोषबाट अनुदान प्राप्त भएको पाइएको छ  तर सबै विद्यालयहरूमा समान किसिमको अनुदान उपलब्ध नभएको देखिएको छ ।

### ङ) स्थानीय निकायको अनुदान

नेपाल सरकारले हरेक स्थानीय निकायमा दिएको विकास अनुदानको रकममध्ये शिक्षा क्षेत्रका लागि विनियोजन गरिएको रकमबाट हरेक सामुदायिक उच्च माध्यमिक विद्यालयहरूले अनुदान प्राप्त गरेको देखिएको छ । तर अनुदानको रकम विद्यालय पिच्छे फरक फरक देखिन्छ । किनकि विद्यालयहरूलाई उपलब्ध गराउने रकम शिक्षा विकासका लागि छुट्याइएको रकम मध्येबाट मात्र उपलब्ध गराउने भएकाले कुन विद्यालयलाई कति दिने भन्ने कुरा विद्यालयको भौतिक, शैक्षिक, प्रशासनिक एवम् आर्थिक अवस्थालाई बिचार गरेर उपलब्ध गराउने गरिएको छ ।

अध्ययन गरिएका उच्च माध्यमिक बिद्यालयहरु मध्ये श्री ल्याबोरेटरी उमाबि धरानलाइ मात्र जि.बि.स. बाट अनुदानको रुपमा रकम प्राप्त भएको पाईयो ।

**च) चन्दा तथा सहयोग**

धरान स्रोत केन्द्रका सामुदायिक उच्च माध्यमिक बिद्यालयहरुको अर्को बित्तिय स्रोत भनेको चन्दा तथा सहयोग रहेको पाइयो । तर यस्तो चन्दा तथा सहयोग श्री ज्ञानोदय उमाबि र श्री चन्द्र संस्कृत उमाबिमा मात्र रहेको पाइएको छ ।

**छ) गैर सरकारी संस्थाको सहयोग**

नेपालमा रहेका गैर सरकारी संस्थाहरू ले शिक्षा विकासतर्फ कमै मात्र लगानी गरेका छन् । अध्ययन गरिएका बिद्यालयमा कुनै पनि गैर सरकारी संस्थाले लगानी नगरेको पाइयो । तर केहि बर्ष अघि सम्म गैर सरकारी क्षेत्रबाट बिद्यालयहरुले सहयोग प्राप्त गरेका जानकारी प्राप्त भएको छ ।

**ज) बैंक ब्याज**

धरान स्रोत केन्द्रका सामुदायिक उच्च माध्यमिक बिद्यालयहरुको अर्को बित्तिय स्रोत भनेको बैंक ब्याज रहेको पाइयो । यस्तो ब्याज रकम अध्ययन गरिएका सबै बिद्यालयहरुले प्राप्त गर्ने गरेको पाईयो ।

यसरी हेर्दा सामुदायिक विद्यालयहरूमा बित्तिय स्रोतहरू पर्याप्त मात्रामा भए पनि विद्यालयहरूका सम्बन्धित निकायहरूको ब्यवस्थापनको कमीले गर्दा चाहे जतिका स्रोतहरूलाई समेट्न सकिएको छैन । तर जे जति स्रोतहरू उपलब्ध भएका छन् ती स्रोतहरूको समुचित व्यवस्थापन र परिचालन भएमा सामुदायिक उच्च माध्यमिक विद्यालयहरूको आर्थिक उन्नति भई शैक्षिक उपलब्धि बढाउन मद्दत मिल्ने देखिन्छ । जसबाट शिक्षाको गुणस्तरमा सुधार हुने आशा गर्न सकिन्छ ।

**४.३ बिद्यालयको बित्तीय व्यवस्थापनका समस्याहरु**

सामुदायिक विद्यालयहरूका लागि पर्याप्त र दिगो वित्तिय व्यवस्थाको सुनिश्चितता सबै भन्दा प्रमुख समस्या हो । यसका लागि केन्द्रीय सरकार देखि स्थानीय निकायहरू सम्ममा सबैको प्रतिबद्धताको खाँचो रहेको छ । सरकार, विकासका साझेदार, स्थानीय निकाय,

समुदाय, गैर सरकारी संस्था, नागरीक समाजका संस्थाहरू तथा निजीक्षेत्रका स्रोतहरूको प्रभावकारी परिचालनका लागि समयमा बजेट निकासा नहुनु, खर्चका आधारहरू तथा निर्देशन अस्पष्ट हुनु, विद्यालय तहमा अनुदानको व्यवस्थापन क्षमता न्यून रहनु आदि सामुदायिक उ.मा.बि.का बित्रीय व्यवस्थापनका समस्याहरु हुन् ।

अध्ययन गरिएका धरान स्रोत केन्द्रका सामुदायिक उच्च माध्यमिक बिद्यालयहरुको बित्तिय व्यवस्थापनका क्षेत्रमा देखिएका प्रमुख समस्याहरू निम्न अनुसार रहेका छन् ।

**४.३.१ सरकारबाट दिने अनुदान अपुग हुनु**

सामुदायिक विद्यालयहरूको भौतिक, शैक्षिक र प्रशासनिक व्यवस्थापनका लागि अत्यधिक धनराशीको आवश्यकता पर्दछ । हाल हाम्रा सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयहरू सरकारी अनुदान र सीमित स्रोत (शिक्षण सहयोग शुल्क, चन्दा, जग्गा ठेक्का जस्ता) मा निर्भर रहने भएकाले गुणस्तरीय व्यवस्थापनका लागि आवश्यक धनराशी, प्राप्त आर्थिक स्रोतको अभाव रहेको देखिन्छ । खासगरी सामुदायिक उमाबिमा सरकारबाट दिने २ वटा दरबन्दीको रकम/अनुदान अपुग देखिन्छ ।

**४.३.२ स्थानीय निकायबाट दिने अनुदान नियमित रुपमा नआउनु**

अध्ययन गरिएका धरान स्रोत केन्द्रका सामुदायिक उच्च माध्यमिक बिद्यालयहरुको बित्तिय व्यवस्थापनका क्षेत्रमा देखिएका अर्को प्रमुख समस्या भनेको स्थानीय निकायबाट दिने अनुदान नियमित रुपमा नआउनु रहेको पाईयो ।

**४.३.३ विद्यार्थी शुल्क पर्याप्त नहुनु**

अध्ययन गरिएका सामुदायिक उच्च माध्यमिक विद्यालयमा धेरै जसो गरिब तथा दलित आदिवासी जनजातिका विद्यार्थीहरु पढ्छन् । विद्यार्थी तथा अभिभावकबाट कमै मात्र वित्तीय सहयोग प्राप्त हुन्छ । शिक्षकको दरबन्दी पर्याप्त छैन । निजी श्रोतबाट शिक्षक राखी अध्यापन गराउनु परेको छ । भवन, शौचालय, फर्निचर, मर्मतको लागि अरुको सहयोगमा

निर्भर रहनु परेको छ । कक्षा ११ र १२ मा विद्यार्थीबाट शुल्क उठाए पनि पर्याप्त मात्रामा पुगेको पाइँदैन ।

### ४.३.४ बित्तीय स्रोतको कार्यान्वयन पारदर्शि नहुनु

सामुदायिक उच्च माध्यमिक विद्यालयहरूको खर्च गर्ने प्रक्रिया पारदर्शी नभएको पाइयो । खासगरी बिद्यालयको आन्तरिक स्रोतहरुको आम्दानी पनि अपारदर्शी हुने गरेको देखिन्छ । शिक्षा ऐन २०२८ को शिक्षा नियमावली २०५९ मा भएको व्यवस्था बमोजिम विद्यालय कोषको संचालन प्राधानाध्यापक र लेखापालको संयुक्त दस्तखतबाट हुने भएकाले वहाँहरूमा नै खर्चको जिम्मेवारी भएकाले शीर्षक नतोकि हुने हावादारी खर्च अनावश्यक रुपमा बढी वा थोरै भए पनि अपचलन हुन सक्ने खतरा देखिएको छ ।

### ४.३.५ बिभिन्न स्रोतहरुबाट प्राप्त रकम समयमै बिद्यालयको खातामा जम्मा नहुनु

अध्ययन गरिएका धरान स्रोत केन्द्रका ४ वटा सामुदायिक उच्च माध्यमिक बिद्यालयको अर्को प्रमुख बित्तीय समस्या भनेको विभिन्न निकायहरुबाट आउने आम्दानीहरुको बारेमा विद्यार्थी, अभिभावकहरुलाई कुनै जानकारी नै नहुनु र आएको आम्दानी पनि विद्यालयको खातामा समयमा जम्मा नगर्नु रहेको पाइयो ।

### ४.३.६ शिक्षाका लागि थप राजश्वका स्रोतहरूको खोजी

सामुदायिक उच्च माध्यमिक विद्यालयहरू पूर्ण रुपले समाजप्रति जवाफदेही रहने भएकाले शिक्षा विकासका लागि आवश्यक पर्ने धनराशी जुटाउन सम्बन्धित सरोकारबालाहरू ( प्र.अ./प्राचार्य/शिक्षक /विद्यार्थी, अभिभावक, वि.व्य.स.का अध्यक्ष) लगायत स्थानीय सरोकारबालाहरूलाई समेत बित्तीय स्रोत व्यवस्थापनमा थप राजश्वका स्रोतहरूको खोजी गर्नु ठुलो चुनौती रहेको देखिन्छ ।

### ४.३.७ प्रभावकारी विनियोजन र खर्चको व्यवस्थापन

अध्ययन गरिएका सामुदायिक उच्च माध्यमिक विद्यालयहरूमा बार्षिक बजेट निर्माणका लागि बित्तीय स्रोतको प्रभावकारी विनियोजनको अभाव रहेको पाइयो । अध्ययनको लागि छनोटमा परेका कुनै पनि विद्यालयमा बार्षिक रुपमा कुन कुन शीर्षकमा खर्च गर्ने हो सोको

बारेमा बार्षिक बजेट र खर्चको बीच समन्वय नरहेको पाइयो । मनोमानी ढंगले खर्च भएको पाइयो । अगामी बर्षमा हुन सक्ने विद्यार्थी वृत्ति, शिक्षक दरबन्दी, विद्यालयको संगठनमा हुन सक्ने परिवर्तन, भौतिक सुविधा जस्ता कुराहरूको पूर्वानुमान नै नगरी खर्च गर्ने गरेको पाइयो । यसकारण प्रभावकारी विनियोजन र खर्चको व्यवस्थापन पनि बित्तीय स्रोत व्यवस्थापनको अर्को प्रमुख समस्या रहेको पाइयो ।

### ४.३.८ मितब्ययिताको अभाव

अध्ययन गरिएका धरान स्रोत केन्द्रका ४ वटा सामुदायिक उच्च माध्यमिक बिद्यालयको अर्को प्रमुख बित्तीय समस्या भनेको मितब्ययिताको अभाव रहेको पाइयो । प्रधानाध्यापकले विद्यालयको बजेट निर्माण गर्दा व्यापक रुपमा शिक्षक कर्मचारीसँग छलफल नगर्नु, केही व्यक्तिसँग मात्र राय सल्लाह लिइ काम गर्नु, खर्च गर्दा मितव्ययी भएर खर्च नगर्नु, विद्यालयको आन्तरिक स्रोतहरुको आम्दानी पारदर्शी नगर्नु आदि वित्तीय व्यवस्थापनका समस्याहरु हुन् ।

### ४.३.९ बित्तीय स्रोतहरुको ब्यापक खोजी नगरिनु

सामुदायिक विद्यालयको बित्तिय स्रोत व्यवस्थापनका प्रमुख चुनौतीहरूमा सरकारी अनुदानमा निर्भर रहन खोज्नु, स्थानीय गैर सरकारी र अन्य स्रोतहरूको खोजी गर्ने र व्यवस्थित गर्न तथा भएका स्रोतहरूलाई समेत वास्ता नगर्ने प्रबृतिले आर्थिक संकट आई विद्यालय संचालनका लागि भौतिक र शैक्षिक व्यवस्थापन गर्न आर्थिक समस्यासँग जुध्नु परेको देखिन्छ ।

फेडरिक विन्स्लो टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्तमा वैज्ञानिक विधि अनुसार काम गर्ने, परम्परागत मान्यता र तरिकामा सुधार गर्नु पर्ने कुरामा जोड दिइएको छ । जुन काम अध्ययन गरिएका बिद्यालयहरुमा भएको देखिँदैन । यहाँ यथास्थितिमा चलिआएको, चल्दै गरेको कुरामा मात्र सीमित रहेको देखिन्छ । यस्तो व्यवस्थापनबाट विद्यालयको सर्वाङ्गिण विकास नहुने धारणा व्यक्त गर्दै व्यवस्थित तरिकाले वैज्ञानिक व्यवस्थापनको सिद्धान्तलाई अङ्गिकार गरी बित्तिय स्रोतहरूका बारेमा विस्तृत अध्ययन गरी ती स्रोतहरूको समुचित व्यवस्थापन गरी आर्थिक लाभ लिन सकिन्छ ।

अध्ययन गरिएका विद्यालयहरूमा शिक्षाको खर्च धान्न पर्याप्त आर्थिक स्रोतको अभाव, थप राजश्वका स्रोतको खोजीमा कमी, खर्चको प्रभावकारी विनियोजन र व्यवस्थापकको कमी तथा पारदर्शिताको निर्वाह जस्ता मूलभूत कुराको कमी नै मुख्य चुनौतीहरू भएकाले यहाँ फेडरिक विन्स्लो टेलरको वैज्ञानिक व्यवस्थापको सिद्धान्त र अध्ययन गरिएका विद्यालयहरूको बित्तीय स्रोत व्यवस्थापनको समस्याहरूका बीचमा तालमेल नरहेको देखिन्छ ।

### ४.४ बिद्यालयको बित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरु

धरान स्रोत केन्द्रका सामुदायिक उच्च माध्यमिक विद्यालयहरूको बित्तिय स्रोत व्यवस्थापनलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयवस्तुमा रहेर सम्बन्धित विद्यालयका सरोकारवालाहरूको छलफलबाट आएका निचोडहरूलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

#### ४.४.१ सरकारी अनुदानको नियमितता

विद्यालयलाई वित्तीय रुपमा सबल बनाउन सरकारी निकायबाट दिने अनुदानमा वृद्धि गर्नु पर्ने, शिक्षा विकासका लागि स्थानीय निकायबाट निरन्तर रुपमा सहयोग दिनु पर्ने, विद्यार्थीहरुबाट खर्च अनुसारको शुल्क उठाएमा केही हदसम्म समस्या समाधान हुन सक्छ । माथिको भनाइबाट के स्पष्ट हुन्छ भने विद्यालयको वित्तीय व्यवस्थापन गर्नको लागि सरकारी तथा स्थानीय स्रोतबाट आउने अनुदान रकममा वृद्धिका साथै निरन्तर रुपमा आउने गरेमा वित्तीय व्यवस्थापन पारदर्शी ढंगले सञ्चालन गर्न सकिन्छ । विद्यालयको भौतिक तथा शैक्षिक क्रियाकलापहरु वित्तीय कुरामा नै निर्भर गर्दछ । सोचे अनुसार भरपर्दो स्रोतबाट आउने रकममा फेरवदल हुने वित्तिकै समग्र योजना माथि नै असर पर्दछ । त्यसैले सरकारी तथा स्थानीय निकायबाट आउने रकम पुग्ने गरी र नियमित रुपमा आएमा वित्तीय व्यवस्थापन गर्न सजिलो हुन्छ ।

### ४.४.२ विद्यालय बजेट व्यवस्थापन

बजेट मूलतः बित्तिय व्यवस्थापन पक्षसँग सम्बन्धित हुन्छ । यसमा बित्तिय स्रोतहरूको पहिचान, संकलन, प्राथमिकता निर्धारण, वैज्ञानिक बाँडफाड, आर्थिक अभिलेखको व्यवस्था, स्रोतको उपयोगिताको अनुगमन र मूल्याङ्कन आदि कुराहरू बजेट व्यवस्थापन भित्र पर्दछ । यस प्रकार बजेट तयार गर्ने, उचित बाँडफाँड गर्ने, लेखा प्रणाली वैज्ञानिक र पारदर्शी बनाई चुस्त दुरुस्त राखी प्रभावकारी रुपमा बजेटको प्रयोग गर्ने, लक्ष्य अनुरुप प्रगति भए, नभएको मूल्याङ्कन गर्ने पद्धतीको विकास गर्ने जस्ता पक्षहरूमा सम्बन्धित सरोकारबालाहरूको ध्यान जानु आवश्यक देखिन्छ । उचित व्यवस्थापनको अभावमा हाम्रा अनुदान प्राप्त विभिन्न सामुदायिक उच्च माध्यमिक विद्यालयहरूमा बित्तिय स्रोतको अभाव नभएको, तर स्रोतहरूको उचित व्यवस्थापन हुन नसकेको कारणबाट एकातर्फ विद्यालयको सम्पति नाश हुदै गएको छ भने अर्को तर्फ विद्यालयको समग्र आवश्यकतालाई उपलब्ध बजेटद्वारा पूर्ति गर्न नसकिएको अवस्थातर्फ ध्यान दिनु जरुरी छ ।

बित्तिय स्रोत व्यवस्थापनलाई व्यवस्थित र बैज्ञानिक ढंगले राख्नका लागि लेखा प्रणालीको प्रयोग आवश्यक हुन्छ । यसले व्यवस्थित अभिलेख राख्न, विद्यालयको आर्थिक स्थिति पत्ता लगाउन सघाउनु, हिसाब किताबलाई प्रमाणका रुपमा राखी निर्णय प्रकृयामा सहयोग पुऱ्याउने गर्दछ ।

बित्तीय स्रोत व्यवस्थापनको प्रभावकारितालाई एफ.डब्लु टेलरको बैज्ञानिक व्यवस्थापनको सिद्धान्तसँग दाजेर हेर्दा विद्यालयको बजेट व्यवस्थापन पनि सामुदायिक उच्च माध्यमिक विद्यालयहरूको बित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग मिल्ने देखिन्छ ।

### ४.४.३ विद्यार्थीको अनुपातमा दरबन्दी मिलान र ब्यवस्थापन

खासगरी सामुदायिक उ.मा.बि.हरुलाई पूर्णरुपमा सरकारले सहयोग गर्नु पर्दछ । त्यस्तै विद्यालयको भौतिक सुधारका लागि स्थानीय निकायले नियमित रुपमा अनुदान दिनु पर्ने हुन्छ । जिल्ला शिक्षा कार्यालयबाट विद्यार्थी अनुपातमा दरबन्दी उपलब्ध गराउनु पर्ने हुन्छ । अध्ययन गरिएका बिद्यालयहरुमा आन्तरिक स्रोतको अभावमा प्र.अ.हरुलाई वित्तीय व्यवस्थापन गर्न असजिलो भई रहेको छ । सरकारी स्रोत तथा स्थानीय निकायबाट दिइने अनुदान नियमित भएन भने विद्यालयले सोचे जस्तो प्रगति गर्न सक्दैन अर्थात् प्र.अ.लाई

विद्यालयको वार्षिक वित्तीय गतिविधि सन्चालन गर्न गाह्रो हुन जान्छ । त्यसैले वित्तीय गतिविधि सन्चालन गर्न दातृ संघ संस्थाको अनुदान नियमित रुपमा आउनु जरुरी देखिन्छ । साथै बिद्यार्थीको अनुपातमा दरबन्दी मिलान गर्नुपर्दछ ।

### ४.४.४ बिद्यालयको बित्तीय कारोबारमा पारदर्शिता कायम हुनुपर्ने

सामुदायिक उच्च माध्यमिक विद्यालयहरूमा बित्तिय कारोबारको लेखा परीक्षण गराउने गरिएको छ, तर पारदर्शिताको सुनिश्चितताका लागि वित्तीय तथा समाजिक दुबै प्रकारका लेखा परीक्षणको अभाव रहेको पाइन्छ । बिभिन्न निकायले विद्यालयलाई उपलब्ध गराइएको अनुदान खर्च गर्ने निर्देशिकाको अधिनमा रही विद्यार्थी र विद्यालयको हितलाई ध्यानमा राखी प्राप्त अनुदानको खर्च गर्न तथा वि.व्य.स.ले शैक्षिक कार्यढाँचा र आर्थिक प्रशासन ऐन नियम तथा निर्देशिकाको अधिनमा रहेर पारदर्शी एवम् दक्षतापूर्ण रुपले बित्तीय कारोबार गरेमा सामुदायिक उच्च माध्यमिक विद्यालयहरूको बित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन सकिन्छ ।

### ४.४.५ विद्यालय र समुदायको जवाफदेहिता बढाउने

सामुदायिक उच्च माध्यमिक विद्यालयहरूको मुख्य आर्थिक आम्दानी स्थानीय स्रोतहरू गा.वि.स.अनुदान एकदमै कम रहेको, जसलाई समय सापेक्ष बनाउन अन्य विकासका खर्च कटौती गर्न लगाई अनुदान बढाउनु पर्ने तर्फ प्रभावकारी पहल हुनु पर्ने देखिन्छ । त्यस्तै ऐलानी जग्गाहरूलाई विद्यालयको मातहत ल्याउन पनि प्रभावकारी पहल गर्नु पर्ने सरोकारवालाहरूको जवाफदेहिता भित्र पर्ने देखिन्छ । सांसद कोष र अन्य गैर सरकारी संघ संस्थाहरूलाई विद्यालयमा लगानीको वातावरणका लागि आवश्यक पहल चाल्न एक सहयोग समिति आवश्यक रहेको अभिभावक एवम् प्र.अ.हरूको विचार रहेको पाईयो ।

### ४.५.६ बित्तीय स्रोत व्यवस्थापनप्रति सरकारको जवाफदेहिता

खासगरी विकासोन्मुख देशहरूले समाजको विकासको निम्ति अति आवश्यक मध्यम स्तरको जनशक्ति विकासका निम्ति उच्च माध्यमिक शिक्षालाई बढी जोड दिनु पर्ने हुन्छ । हरेक उच्च माध्यमिक विद्यालयहरूलाई कसरी आर्थिक रुपले सक्षम बनाउन सकिन्छ र  हामीले

अपेक्षा गरे बमोजिमको उपलब्धि हासिल गर्न सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ । सबैलाई शिक्षातर्फ लगानी गर्न प्रोत्साहन गर्नु पर्दछ । शिक्षाको उच्च माध्यमिक तह यस्तो तह हो जुन एक व्यक्तिलाई समान्य रुपमा समाजमा बाँच्न समेत आवश्यक पर्ने ज्ञान र सीप प्रदान गर्दछ । यो समाजिक प्राप्तिका हिसाबले हेर्दा सबभन्दा बढी उत्पादकत्व दिने तह हो । यस प्रति सरकार जिम्मेवार बन्नु पर्दछ । यसलाई पूरा गराउन सरकारले विभिन्न सुविधा र अनुदान प्रदान गर्नुपर्ने देखिन्छ । उच्च माध्यमिक शिक्षालाई अनिवार्य बनाउनु पर्दछ ।

### ४.४.७ खर्चमा मितव्ययीता अपनाउने

विद्यालयको आर्थिक गतिविधि सञ्चालन गर्ने प्रमुख व्यक्ति विद्यालयको प्र.अ. हो । प्र.अ.ले सबै पक्षसँग व्यापक सरसल्लाह, छलफल गरेर इमान्दारी पूर्वक पारदर्शी तरिकाले मितव्ययी भएर खर्च गर्ने बानी बसालेमा वित्तीय व्यवस्थापनमा धेरै जसो समस्याहरु निराकरण हुन सक्दछन् ।

### ४.४.८ जवाफदेहिता

सामुदायिक उच्च माध्यमिक विद्यालयको वित्तीय स्रोतहरूलाई व्यवस्थित गरी प्रभावकारी बनाउन सरोकारवालाहरूको सहभागितामा विद्यालय बजेट निर्माण गरी विनाश हुन लागेको सम्पति व्यवस्थित गर्न खर्चको पारदर्शिता र विद्यालय र समुदायबीच सुमधुर सम्बन्ध कायम गरी जवाफदेहिता बढाउनु पर्ने देखिएको छ । साथै सामुदायिक विद्यालय सरकारको पूर्ण स्वामित्वमा सञ्चालित भएकाले वित्तीय व्यवस्थापनप्रति स्थानीय सरोकारवालाहरूलाई ठोस नीतिनियम मार्फत् जवाफदेहिता बढाउन प्रेरित गर्नुपर्ने देखिन्छ । यसमा अध्ययनमा परेका सबै सरोकारवालाहरूको एउटै मत रहेको देखिन्छ ।

एफ.डब्लु टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अर्थात् कार्यगत संगठनको सिद्धान्त अनुसार व्यवस्थापनको हरेक कार्यहरू कार्यमूलक रुपमा गरिनु पर्दछ । सरोकारवालाहरूमा नयाँ चेतना र सोचको विकास गराएमा मात्र काम नयाँ ढंगले अगाडि बढ्ने कुरामा उक्त सिद्धान्तले जोड दिएको छ । यस सिद्धान्त अनुसार वित्तीय स्रोतहरूलाई प्रभावकारी रुपले व्यवस्थित गर्न सकिन्छ ।

अध्ययन गरिएका सामुदायिक उच्च माध्यमिक विद्यालयहरूमा वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरूमा विद्यालयका सरोकारवालाहरूलाई अभिप्रेरित गर्न सकियो

भने बढी भन्दा बढी आर्थिक लाभ लिन सकिन्छ । सबै सरोकारवालाहरूले एकजुट भई थप उपायहरू खोजी गरी आर्थिक स्रोत बढाउन सकिन्छ ।

धरान स्रोत केन्द्रका ४ वटा सामुदायिक उच्च माध्यमिक विद्यालयहरूको बित्तिय स्रोत व्यवस्थापनलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयवस्तुमा रहेर सम्बन्धित विद्यालयका सरोकारवालाहरूको छलफलबाट प्राप्त भएका उपयुक्त उपायहरू लाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

क) विद्यालयको आयव्ययमा बित्तिय पारदर्शीता ल्याउनु पर्दछ ।

ख) विद्यालयहरूमा प्र.अ.को कार्यव्यस्तताका कारण बित्तिय व्यवस्थापनमा कठिनाई हुने भएकाले यसका लागि छुट्टै लेखा कर्मचारी राख्नु पर्दछ ।

ग) विद्यालयहरूमा हुने लेखा व्यवस्थापनका लागि बेलाबेलामा सरकारी निकायबाट तालिमको व्यवस्था गर्नु पर्दछ ।

घ) नगरपालिका तथा स्थानीय निकाय मार्फत् उठ्ने विभिन्न करहरूको केही हिस्सा विद्यालय सुधारका लागि खर्च गरिनु पर्दछ ।

ङ) विद्यालयको प्रमुख स्रोत सरकारी अनुदान रहेको छ । यसमा मात्र भर नपरी स्थानीय संघ संस्था, गा.वि.स., चन्दादाताहरू, स्थानीय उद्योगपतिहरू, वुद्धिजीवीहरूलाई पनि विद्यालयलाई सहयोग गर्न प्रोत्साहित गरी विद्यालयहरूको आम्दानीका स्रोतहरू बढाउनु पर्दछ ।

च) माध्यमिक विद्यालयहरूमा हाल भइरहेको खर्च शिक्षक तलब भत्तामा बढी छ । विद्यार्थीहरूको चौतर्फी विकासका लागि खेलकुद, पुस्तकालय, शैक्षिक सामग्री, शैक्षिक भ्रमण आदि शीर्षकमा उल्लेखनीय खर्च गर्न रकमको व्यवस्था मिलाउनु पर्दछ ।

छ) हाल विद्यालयहरूमा भएको लेखा व्यवस्थापन शिक्षा ऐन तथा नियमावलीमा तोके बमोजिम ढाँचामा पूर्णरूपमा नभएको पाइएकाले शिक्षासँग सम्बन्धित निकाय, जि.शि.का., स्रोतकेन्द्र, स्रोतव्यक्ति, वि.नि.हरूले यसको कार्यान्वयनका लागि पहल गर्नुपर्दछ ।

ज) हरेक विद्यालयहरूमा शैक्षिक सत्रको सुरुमा बजेट निर्माण गर्न लगाउने, अभिभावकहरू बीच छलफल गराउने र वि.व्य.स.द्वारा स्वीकृत गराई त्यही बमोजिम खर्च गर्ने व्यवस्थापन मिलाउनु पर्दछ ।

झ) विद्यालयका सम्पत्तिहरूको दुरुपयोग गर्ने शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स.अध्यक्ष तथा सदस्यहरू लगायत जोसुकैलाई कडा कारवाहीको व्यवस्था मिलाउनु पर्दछ ।

ञ) आन्तरिक स्रोत जुटाउनु पर्ने, स्थानीय निकायबाट दिने अनुदानलाई नियमित पार्न पहल गर्नु पर्ने, विद्यार्थी संख्या बढाइ सरकारी अनुदानमा वृद्धि गर्न पहल गर्नु पर्ने जस्ता पक्षमा जोड दिएमा वित्तीय समस्याहरु न्यूनीकरण हुन सक्छ ।

ट) आन्तरिक स्रोत बढाउनु पर्ने, स्थानीय स्रोतबाट अनुदानलाई वढाउनु पर्ने र समयमा नै विद्यालयलाई उपलब्ध गराउनु पर्ने, विद्यार्थी संख्या बढाउनु पर्ने र सरकारी अनुदानमा वृद्धि गर्नु पर्ने, वित्तीय स्रोत वढाउन स्थानीय तवरमा विभिन्न आय मूलक कार्यक्रमहरुलाई सञ्चालन गर्नु पर्ने देखिन्छ ।

ठ) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई उनीहरूको काम, कर्तव्य र अधिकार बारे बेला बेलामा गोष्ठी सेमिनारको आयोजना गरी जानकारी गराउनु पर्दछ ।

ड) विद्यालयको नाममा आएका आम्दानीलाई पारदर्शी ढंगले विद्यालयको खातामा जम्मा गर्ने, विद्यालयको आय व्यय बेलाबेलामा सार्वजनिक गर्ने जस्ता उपायहरु अबलम्बन गरेमा वित्तीय व्यवस्थापनमा सहजता आउने देखिन्छ ।

ढ) वित्तीय व्यवस्थापनमा समस्याहरुको प्रमुख कारक तत्वका रुपमा प्र.अ.को भूमिकालाई लिन सकिन्छ । वित्तीय क्रियाकलाप सन्चालन गर्ने मेरुदण्डको रुपमा रहेका विद्यालयको प्र.अ.को कार्य गर्ने तरिका सहभागितामूलक, प्रजातान्त्रिक र पारदर्शी भयो भने धेरै समस्याहरुलाई निराकरण गर्न सकिन्छ ।

अध्ययन गरिएका सुनसरी जिल्लाको धरान स्रोतकेन्द्रका ४ वटा उच्च माध्यमिक विद्यालयहरूको वर्तमान बित्तीय स्रोतहरू, खर्चका शीर्षकहरू, विद्यालयको आय-व्ययको

विवरण र लेखा व्यवस्थापनको स्थितिलाई अध्ययन गर्दा सामुदायिक उच्च माध्यमिक विद्यालयहरूको मुख्य बित्तिय स्रोत सरकारी अनुदान नै रहेको पाइयो र सरकारी अनुदान बाहेक दुईटा विद्यँलयको थोरै मात्रै बैंक व्याज र चन्दा सहयोग पनि आम्दानी रहेको पाइयो । यस्तै विद्यालयले खर्चका कुरामा शीर्षकको आधारमा नै खर्च गरेको पाइयो । यसरी खर्च गर्दा खास गरी शिक्षक, कर्मचारीको तलव भत्तामा बढी खर्च गरेको पाइयो भने शैक्षिक गुणस्तर वृद्धिमा न्यून रुपमा खर्च गरेको देखियो ।

यसै गरी विद्यालयले खर्च गर्ने कुरामा विभिन्न ऐन, नीति नियम र वि.व्य.स.को निर्णयको आधारमा अवलम्वन गरेको पाइयो । यसरी खर्च गर्ने क्रममा बित्तीय व्यवस्थापनका केही समस्याहरू बाधकको रुपमा भए गरेको पाइयो । जस्तै पर्याप्त बजेट नहुनु, समयमा निकास नहुनु, प्र.अ. लाई पर्याप्त खर्च गर्ने अधिकार नहुनु, खर्चको प्राथमिकता नतोकिनु/निरीक्षण अनुगमनको अभाव, मितब्ययिताको अभाव जस्ता कारक तत्त्वहरू रहेका छन् ।

## परिच्छेद पाँच

## निष्कर्ष तथा सुझावहरु

यो अध्ययन सामुदायिक उच्च माध्यमिक विद्यालयहरूको बित्तीय स्रोत व्यवस्थापन शीर्षकमा केन्द्रित रहेको छ । यो अध्ययनमा सुनसरी जिल्लाको धरान स्रोत केन्द्रमा सञ्चालित सामुदायिक उच्च माध्यमिक विद्यालयहरूमध्ये ४ वटा सामुदायिक उच्च माध्यमिक विद्यालयहरूको बित्तीय व्यवस्थापनको वर्तमान अवस्था, बित्तीय स्रोतहरुको स्थिति, बित्तीय स्रोत व्यवस्थापनका समस्याहरू, बित्तीय व्यवस्थापनलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने उद्देश्य राखी यस अध्ययनलाई सीमित गरिएको छ । यसको मुख्य उद्देश्य सामुदायिक उच्च माध्यमिक विद्यालयहरूको बित्तीय व्यवस्थापनलाई कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने शीर्षकमा केन्द्रित रहेको हुँदा विद्यालयसँग सरोकार राख्नेहरू सरोकारवालाहरुलाई समेटिएको छ र उनीहरूबाट आएका जानकारी, सूचना तथा सुझावको आधारमा बित्तीय अवस्थालाई विश्लेषण गरिएको छ । नतिजाको छलफल, व्याख्या तथा विश्लेषणबाट प्राप्त निष्कर्ष र सुझावहरूलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

### ५.१ निष्कर्ष

प्रस्तुत अध्ययन सुनसरी जिल्लाको धरान स्रोतकेन्द्र अन्तर्गतका ४ वटा सामुदायिक उच्च माध्यमिक विद्यालयहरूमा आधारित रहेको छ ।

निष्कर्षमा भन्नु पर्दा सामुदायिक उच्च माध्यमिक विद्यालयहरुमा प्राप्त रकम (सरकारी अनुदान र आन्तरिक स्रोत) पर्याप्त नभए पनि त्यसको व्यवस्थापनमा प्र.अ.हरुले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । सरकारी अनुदानको व्यवस्थापनमा प्र.अ.हरुले प्रभावकारी रुपमा व्यवस्थापन गर्न सके पनि कहिलेकाहीँ रकमहरुको शीर्षक बमोजिम खर्च नगरेर रकमान्तर गरेको र तोकेको शीर्षकमा प्रभावकारी रुपमा काम गर्न नसकेको पाइन्छ । विद्यालयहरुमा लेखाको व्यवस्था राम्रो नरहेको कारण प्र.अ.हरुले आफू खुसी लेखा व्यवस्थापन गरेको पाइन्छ । जुन शिक्षा नियमावलीसँग बेमेल हुन गएको देखिन्छ । विद्यालयमा वर्षेनी सामाजिक परीक्षण हुनु पर्ने भएता पनि त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन नगरेको निष्कर्ष देखिन्छ । लेखा परीक्षण गरेर आय व्ययलाई सन्तुलित रुपमा देखाए पनि त्यसको पारदर्शीतालाई सन्तोषजनक रुपमा प्रस्तुत नगरेकोले सामुदायिक उच्च माध्यमिक

विद्यालयहरुको वित्तीय व्यवस्थापन प्रजातान्त्रिक र वैज्ञानिक रुपमा नरहेको निष्कर्ष निकाल्न सकिन्छ ।

यसरी नै विद्यालयको वित्तीय व्यवस्थापन पारदर्शी नभएको, मितब्ययिताको कमी भएको पाइन्छ । आय व्ययको सदुपयोग भए नभएको शीर्षकमा सरकारी स्रोतबाट आएको रकमलाई शिक्षकको तलब, भत्ता, आदिमा सन्तोषजनक ढंगले व्यवस्थापन गरेको पाइयो । भौतिक मर्मत, भवन निर्माण, फर्निचर मर्मत आदिमा आएको रकमको व्यवस्थापन गर्दा समयमा नै काम सम्पन्न गर्न नसकेको देखिन्छ । जसले गर्दा प्र.अ.हरु विद्यालयको आन्तरिक स्रोतमा निर्भर पर्नु परेको देखिन्छ ।

त्यस्तै विद्यालयको वित्तीय व्यवस्थापनका समस्याहरु हेर्ने हो भने खर्च गर्दा मितव्ययीता नगरेको, शीर्षक बमोजिम खर्च नगरी शीर्षकमा रकमान्तर गरेको, सरकारी तथा स्थानीय निकायबाट आउने अनुदानहरुमा निरन्तरता नरहेको, आर्थिक चुहावटमा कमी आएको आयव्ययलाई पारदर्शी ढंगबाट सञ्चालन  गर्न नसकेको, सामाजिक परीक्षण तथा लेखा परीक्षण नियमित नभएको र भए पनि त्यसलाई अभिभावक भेला गराई अनुमोदन गर्न कतिपय विद्यालयले गर्न नसकेको, प्र.अ.ले स्वेच्छाचारी ढंगबाट वित्तीय क्रियाकलापहरु सञ्चालन गरेको आदि प्रमुख समस्याहरु देखिएको छ भने समाधानका उपायहरुमा प्र.अ.ले खर्च गरेर वि.व्य.सबाट निर्णय गराएर मात्र गर्ने, नियमानुसारको शीर्षकमा तोकिएको रकमलाई सोही शीर्षकमा खर्च गर्ने आयव्ययलाई पारदर्शी ढंगबाट सन्चालन गर्नु पर्ने तथा सामाजिक परीक्षण तथा लेखा परीक्षण गरेर सार्वजनिक गर्नु पर्ने , आन्तरिक आय स्रोत बढाउन पहल गर्नु पर्ने, तथा स्थानीय निकायबाट दिइने अनुदानलाई नियमित गराउन सबै मिलेर (प्र.अ. , वि.व्य.स, शिक्षक अभिभावक) सक्रियताका साथ अगाडि बढ्नु पर्ने जस्ता उपायहरु अवलम्बन गरे यस्ता समस्याहरु समाधान हुने देखिन्छ ।

सामुदायिक विद्यालयहरूको आर्थिक स्रोत व्यवस्थापनलाई चुस्त दुरुस्त बनाई राख्न वैज्ञानिक व्यवस्थापनका सिद्धान्तका आधारहरू, समय अध्ययनको सिद्धान्त, कामको दरको सिद्धान्त, कार्य योजना र कार्य सम्पादन काम गर्ने विधि, व्यवस्थापक तथा प्रबन्धकलाई वैज्ञानिक व्यवस्थापनका सिद्धान्तबारे तालिम तथा व्यवस्थापन कार्यान्वयन गर्ने सिद्धान्तहरूलाई

अवलम्बन गर्दै सामुदायिक विद्यालयहरूको आर्थिक स्रोत व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्यालयको बजेट व्यवस्थापन, खर्चको पारदर्शिताको निर्वाह, विद्यालय र समुदायको जवाफदेहिता तथा सरकारको जवाफदेहितालाई प्रभावकारी व्यवस्थापनका लागि मुख्य उपाय मान्न सकिने कुराहरू यस अध्ययनका क्रममा निष्कर्ष निकालिएको छ ।

## ५.२ सुझावहरु

सामुदायिक उच्च माध्यमिक विद्यालयहरूको बित्तीय स्रोत व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धानका कममा प्राप्त गरिएका सूचनाहरूको व्याख्या तथा विश्लेषणबाट प्राप्त गरिएको निष्कर्षको आधारमा नीतिगत तहका सुझावहरू, कार्यान्वयन तहका सुझावहरू, अनुसन्धान सुझावहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत तह

सामुदायिक उच्च माध्यमिक बिद्यालयको कक्षा ११ र १२ का लागि थप दरबन्दी दिने नीतिगत ब्यवस्था गर्नु पर्दछ ।

विद्यालयको आर्थिक क्रियाकलाप संचालनको लागि प्र.अ., शिक्षक तथा वि.व्य.सलाई प्रशिक्षण प्रदान गर्ने नीति लिईनु पर्दछ । विद्यालयको आयव्ययलाई दुरुस्त पार्न शिक्षा नियमावली अनुसार प्रत्येक विद्यालयमा एक जना लेखापालको व्यवस्था अनिवार्य रुपमा राख्ने नीतिगत ब्यवस्था गर्नु पर्दछ ।

सामुदायिक उच्च माध्यमिक विद्यालयहरूमा बित्तीय व्यवस्थापनका लागि प्रोत्साहन हुने खालका आर्थिक प्याकेजको व्यवस्था गर्न, विद्यालयको खर्च धान्ने गरी शिक्षक दरबन्दीको व्यवस्था गर्ने, भौतिक र शैक्षिक सामग्रीका लागि थप कोषको व्यवस्था गनुपर्ने, विद्यालयको समग्र पूर्वाधार, शैक्षिक व्यवस्थापन, आर्थिक व्यवस्थापन र भौतिक वातावरणमा सुधार, परीक्षा प्रणालीमा सुधार र विद्यालय सम्बन्धी उत्तरदायित्व बहन गर्न सक्ने बनाउन विद्यालयसँग सरोकार राख्ने सरोकारवालाहरूको क्षमता अभिबृद्धि गर्ने नीति लिनु पर्दछ ।

**५.२.२ अभ्यास तह**

विद्यालयले सरकारी स्रोतलाई मात्र आम्दानीको आधार नबनाइ स्थानीय तथा आन्तरिक स्रोतलाई पनि संकलन र उद्देश्यपूर्ण खर्च गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । विद्यालयको वित्तीय स्रोत समाजको व्यक्तिहरुको आर्थिक स्थितिमा निर्भर रहने हुँदाले आर्थिक क्रियाकलापमा सक्रिय रहन अभिभावकहरुलाई प्रोत्साहित गर्नु पर्ने देखिन्छ ।

विद्यालयहरुले खर्च अनुमोदन गर्नु पर्ने, सार्वजनिक गर्नु पर्ने र विद्यालय प्रति आम अभिभावकलाई आकर्षित गर्नु पर्दछ । विद्यालयको सरोकार पक्षबाट एक विश्वासिलो लेखा परीक्षण समिति निर्माण गरी एक शैक्षिक सत्र तथा आर्थिक वर्षको लेखा परीक्षण गराउने र त्यसको सार्वजनिक गर्नु पर्दछ ।

बिद्यालयका प्राचार्य, शिक्षक, विद्यार्थी, अभिभावक एवम् विद्यालय व्यवस्थापन समितिका सदस्यहरूको  नियमित अन्तर्क्रियाद्वारा विद्यालयको बित्तीय स्रोत व्यवस्थापन र शिक्षाको गुणस्तर उच्च राख्न चौतर्फी प्रयासहरू गर्नुपर्दछ । प्र.अ./प्राचार्य र व्यवस्थापन समितिका सदस्यहरू सामुदायिक उच्च माध्यमिक विद्यालयमा क्रियाशील बन्दै नियमित उपस्थित हुनुपर्दछ । बिद्यालयका प्रशासनिक ब्यक्ति नियमित उपस्थित भई विद्यालय सञ्चालनमा सक्रिय भूमिका निर्वाह गर्नु पर्दछ ।

सरकारी स्रोत र स्थानीय स्रोतबाट प्राप्त रकमको वित्तीय अभिलेख स्पष्टताका साथ राख्ने तथा स्थानीय स्रोतबाट प्राप्त हुन रकम नियमित नभएकोले वैकल्पिक स्रोतको खोजी गर्नु पर्ने देखिन्छ । न्युन वित्तीय स्रोत भएका विद्यालयहरुलाई प्रोत्साहन स्वरुप छात्रवृत्ति, छुट तथा सहयोग कार्यक्रम चलाउने जुन निजी स्तरबाट पनि हुन सक्दछ, सो गर्न दाताहरुलाई प्रोत्साहित गर्नु पर्ने हुन्छ ।

सामुदायिक उच्च माध्यमिक विद्यालयहरू पूर्ण सरकारी अनुदानमा मात्र आश्रित नहुने भएकाले भौतिक सुधार हुन सकेको छैन । कक्षा ११ र १२ सञ्चालनका लागि सीमित दरबन्दी रहेको छ । त्यसकारण  विद्यालय व्यवस्थापन समितिलाई समेत आर्थिक संकलन कार्यमा लगाउनु पर्दछ । सामुदायिक उच्च माध्यमिक विद्यालयहरूमा शिक्षक, विद्यार्थी, शि.अ.सं., वि.व्य.स. र प्र.अ./प्राचार्य बीचमा सम्बन्ध राम्रो हुनु पर्दछ ।

### ५.२.३ अनुसन्धान तह

सामुदायिक उच्च माध्यमिक बिद्यालयको बित्तीय व्यवस्थापन शीर्षक बाहेक निम्न शीर्षकहरुमा थप अध्ययन तथा अनुसन्धान सञ्चालन गर्न सकिन्छ ।

- बित्तीय स्रोत व्यवस्थापनमा प्रधानाध्यापक/प्राचार्यको भूमिका,
- बित्तीय स्रोत व्यवस्थापनमा स्रोत ब्यक्तिको भूमिका,
- आर्थिक सङ्कलनमा वि.व्य.स.को भूमिका,
- बिद्यालयको सामाजिक लेखा परीक्षणको स्थिति आदि ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, विष्णु प्रसाद (२०६६), *शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली,* काठमाडौं : आषिश बुक हाउस ।

अधिकारी, माधव ( २००४), *एनसीइडी बुलेटिन,* काठमाडौंः एनसीइडी ।

आचार्य, सुशन (२०६३), *शिक्षाको वित्तीय अर्थशास्त्र,* काठमाडौं : मकालु प्रकाशन गृह ।

काफ्ले, वासुदेव (२०६२), *निजी तथा सामुदायिक विद्यालयको अवस्था र सक्षमता,* काठमाडौं : कान्तिपुर दैनिक ।

कोइराला, विद्यानाथ (२०६४), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६४), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट प्रकाशन ।

खनाल, पेशल (२०६८), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट प्रकाशन ।

खनाल, मुकुन्दमणि (२०६३), *शिक्षाको वित्तीय अर्थशास्त्र,* काठमाडौं : मकालु प्रकाशन गृह ।

राई, आश बहादुर (२०७२), *शिक्षण सिकाइमा उत्प्रेरणा प्रयोग,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

ढकाल, माधव प्रसाद (२०५९), *शैक्षिक प्रशासन,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

राउत, कुमार (२०६३), *संस्थागत तथा सामुदायिक विद्यालय व्यवस्थापन एक तुलनात्मक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय, कीर्तिपुर, काठमाडौं ।

लम्साल, हरिप्रसाद (२०६५) , *शिक्षक मासिक,* पाचौं अंक, काठमाण्डौं, राजभाई अफसेट प्रेस ।

लुङ्वा, रुद्रबहादुर (२०६९), *शिक्षकको पेशागत विकासमा तालिम कार्यान्वयन,* एक अध्ययन, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

शर्मा, चिरन्जिवी र शर्मा निर्मला (२०६६), *शिक्षाका आधारहरु,* भोटाहिटी, काठमाण्डौंः एम्.के. पब्लिकेशन ।

शर्मा गोपीनाथ ( २०६२) *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरु,* काठमाडौँ : मकालु पव्लिकेशन ।

शिक्षा मन्त्रालय *(२०५९), शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली (२०५९),* काठमाडौं ।

शिक्षा मन्त्रालय (२०२८), *राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-३२),* काठमाडौं ।

शिक्षा मन्त्रालय (सन २००१), *सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (२००१-२०१५),* काठमाडौं ।

शिक्षा मन्त्रालय (२०५८), *शिक्षा सम्बन्धी उच्चस्तरीय आयोग,* काठमाडौं ।

## सामुदायिक उच्च माध्यमिक विद्यालयमा वित्तीय व्यवस्थापन

## अनुसूचि १

## विद्यालय व्यवस्थापन समिति सदस्यको लागि प्रश्नावली

विद्यालयको नामः

ठेगाना :

वि.व्य.स.सदस्यको नाम :

तलका प्रश्नहरुको उत्तर दिई अनुसन्धान कार्यलाई सहयोग पुर्याई दिनु हुन अनुरोध गर्दछु ।

१. तपाईले यस विद्यालयलाई कुन प्रकारको सहयोग गर्नुभएको छ ?

क) जग्गा ख) नगद ग) जिन्सी घ) अन्य

२. अघिल्लो वर्ष विद्यालयमा आर्थिक स्रोत संकलन बारेमा छलफल गर्न बैठक बस्नु भएको थियो ?

क) धेरै पटक ख) न्युन पटक ग) थिएन घ) थाहा छैन

३. यस विद्यालयमा प्राप्त स्थानीय आय श्रोतहरु के के हुन् ?

..........................................................................................................

४. विद्यालयको लेखा परीक्षण गराउँदा तपाईलाई बोलाएको छ ?

क) छ ख) छैन ग) थाहा दिदैनन्

५. विद्यालयको आर्थिक क्रियाकलाप बारे प्र.अ.सँग कुनै विवाद भएको थाहा छ ?

क) छ ख) छैन ग) कहिलेकाहीँ

६. यस विद्यालयको आर्थिक स्रोतको पर्याप्तताको मात्रा कति प्रतिशत छ ?

क) ५०% ख) ७५% ग) ६०% घ) ९०%

७. यस विद्यालयमा सामाजिक परीक्षण गरेको थाहा छ ?

क) छ ख) छैन ग) थााहा नै दिदैन घ) अन्य

८. तपाइँको विचारमा विद्यालयका प्र.अ. ले आर्थिक अनियमितता गरेको छ ?

क) छ ख) छैन ग) जनगुनासो छ घ) अन्य

९. यस विद्यालयको प्र.अ.ले गर्ने वित्तीय पारदर्शितामा कति प्रतिशत सन्तुष्ट हुनुहुन्छ ?

क) ५०%　　ख) ७५%　　ग) १००%　　घ) २५%

१०. यस विद्यालयलाई आन्तरिक रुपमा वित्तीय पारदर्शिता बनाउन स्थानीय लेखा समिति बनाउनु भएको छ ?

क) छ　　ख) छैन ग) निश्चित क्षमता तोकिन्छ

११. विद्यालयको वित्तीय स्थितिले विद्यालयको शैक्षिक तथा भौतिक स्थितिमा प्रभाव पार्छ वा पार्दैन ? विचार राखिदिनुहोला ।

१२. विद्यालयको वित्तीय व्यवस्थापनलाई पारदर्शि बनाएर लैजान प्र.अ.को भूमिका बारेमा तपाइँको सुझाव केही छन् कि ?

## सामुदायिक उच्च माध्यमिक विद्यालयमा वित्तीय व्यवस्थापन

## अनुसूचि २

### विद्यालयका प्रधानाध्यापकको लागि प्रश्नावली

विद्यालयको नाम :

ठेगाना :

प्र.अ.को नाम :

योग्यता : अनुभव वर्ष

तलका प्रश्नहरुको उत्तर दिई अनुसन्धान कार्यलाई सहयोग पुर्‍याई दिनु हुन हार्दिक अनुरोध छ ।

१. यस विद्यालयको व्यवस्थापन समितिको सचिवको नाताले व्यवस्थापन सम्बन्धी तालिम लिनु भएको छ ?

क) छ ख) छैन ग) एक पटक मात्र ग) धेरै पटक

२. सरकारबाट प्राप्त आम्दानीका श्रोतहरु के के हुन् ?

..................................................................................

३. विद्यालयको आर्थिक श्रोत जुटाउन र नयाँ योजना बनाउन के प्रयास गर्नु भएको छ ?

..........................................................................................................

.

४. विद्यालयको सम्पूर्ण विकासमा आर्थिक तत्वको भूमिका र त्यसको जवाफदेहिता बीच प्र.अ.को भुमिका कस्तो हुनु पर्दछ ?

क) सामान्य ख) गहिरो ग) थाहा छैन घ) केही मात्रामा

५. कति प्रतिशत आम्दानीको स्रोत स्थानीय निकायबाट जुटाउने लक्ष्य लिनु भएको छ ?

क) २५% ख) २०% ग) १५% घ) ४०%

६. सरकारबाट प्राप्त अनुदान र सहयोग सम्बन्धित शीर्षकमा नै खर्च भएको छ वा छैन ?

क) छ ख) छैन ग) केही फेरबदल गरिएको छ

७. विद्यालयलाई स्रोत जुटाउन वि.व्य.स., पि.टि.ए. र अभिभावकको सहयोग पर्याप्त पाउनु भएको छ ?

क) अत्यन्त धेरै ख) सामान्य सहयोग ग) छ घ) छैन

८. विद्यालयलाई सहयोग पुर्‍याउने मुख्य मुख्य संस्थाको नाम लिनु पर्दा क्रमशः ४ वटा संस्थाको नाम बताउनुहोस् ?

क) ख) ग) घ)

९. वित्तीय पारदर्शिता, सूचना प्रवाह र प्र.अ.को भुमिका सम्बन्धित छ छैन ? कति प्रतिशतसम्म छ ?

१०. विद्यालयको आर्थिक विनियोजन सम्बन्धमा नयाँ सोच केही छ कि ?

## अनुसूचि ३

## शिक्षकको लागि प्रश्नावली

शिक्षकको नाम :

विद्यालयको नाम : ठेगाना

योग्यता अनुभव वर्ष

तलका प्रश्नहरुको उत्तर दिई अनुसन्धान कार्यलाई सहयोग पुर्‍याई दिनु हुन हार्दिक अनुरोध छ ।

१. तपाइँले विद्यालयलाई कुन प्रकारको सहयोग गर्नु भएको छ ?

क) जग्गा ख) मानव ग) नगद घ) जिन्सी

२. यस विद्यालयको आर्थिक क्रियाकलाप बारे जानकारी राख्नु हुन्छ ? कति मात्रामा राख्नु हुन्छ ?

क) प्रशस्त ख) धेरै ग) न्युन घ) राख्ने गर्दिन

३. विद्यालयको बजेट निर्माणमा तपाईहरुलाई पनि संलग्न गरिएको छ?

क) छ ख) छैन ग) कहिले काहीँ घ) थाहा नै छैन

४. यस विद्यालयका आर्थिक श्रोतहरु के के छन् ?

..........................................................................................

५. विद्यालयको आर्थिक व्यवस्थापनमा प्र.अ.को भूमिकाबाट तपाई कति को सन्तुष्ट हुनुहुन्छ ?

क) सामान्य ख) राम्ररी ग) पुरै

६. विद्यालयमा भएका आर्थिक स्रोतहरुको खर्च गर्ने प्रक्रिया कस्तो भए राम्रो जस्तो लाग्छ ?

## सामुदायिक उच्च माध्यमिक विद्यालयमा वित्तीय व्यवस्थापन

## अनुसूचि ४

### विद्यार्थीको लागि प्रश्नावली

विद्यार्थीको नाम :

विद्यालयको नाम : ठेगाना

तलका प्रश्नहरुको उत्तर दिई अनुसन्धान कार्यलाई सहयोग पुर्‍याई दिनु हुन हार्दिक अनुरोध छ ।

१. विद्यालयको वित्तीय व्यवस्थापनको बारेमा तपाईलाई जानकारी छ ?

क) सामान्य जानकारी छ ख) विशेष जानकारी छ

ग) केही जानकारी छैन

२. सामाजिक लेखा सार्वजनिक गर्दा तपाइँहरुलाई समावेश गरिन्छ कि गरिदैन ?

क) सधै गरिन्छ ख) वास्ता गरिदैन ग) औपचारिकताका लागि मात्र गरिन्छ ।

३. विद्यालयको वित्तीय पारदर्शिता भए जस्तो लाग्छ कि लाग्दैन ?

क) ठीकै छ ख) लथालिङ्ग छ ग) व्यवस्थित छ

४. विद्यालयको वित्तीय व्यवस्थापनमा तपाइँको भूमिका कस्तो रहन्छ ?

क) सक्रिय ख) वेवास्ता ग) सामान्य

५. विद्यालयको वित्तीय व्यवस्थापनको सुधारका लागि तपाइँको विचार के छ ?

.........................................................................................

६. विद्यालयको वित्तीय व्यवस्थापनमा प्र.अ.को भूमिकाबाट तपाइँ सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट छु ख) खासै छैन